# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ७ पूर्णाङ्क १०५ | २०७५ साउन १४ गते सोमबार | Monday, July 30, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-

## क्रान्तिकारी माओवादीका सल्लाहकार थापाको निधन



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का काठमाडौं जिल्ला सल्लाहकार केदार थापाको ७६ वर्षको उमेरमा असामयिक निधन हुन पुगेको छ । कीर्तिपुर भेगका पुराना वामपन्थी थापा कम्युनिष्ट आन्दोलनमा भएका टुटफुट विभाजनमा क्रान्तिकारी धारमा उभिदै आउनु भएको थियो । पारिवारिक स्रोतका अनुसार कीर्तिपुर, इटागोलका स्थायी बासिन्दा थापाको नियमित शारीरिक ब्यायामको सिलसिलामा शुक्रबार विहान चोभारको भीरबाट लडेर निधन भएको हो ।

थापाको ...बाँकी ५ पेजमा

## मजदुरपक्षीय ट्रेड युनियनहरू भन्छन्-

# अब मजदुर आन्दोलन

● वर्गदृष्टि संवाददाता


काठमाडौं । श्रमिक तथा मजदुर पक्षीय ट्रेड यूनियनहरूले श्रमिक मजदुरहरूका हक, हित र अधिकारसँग सम्बन्धित विभिन्न मागहरू अगाडि सारी आन्दोलनको तयारीमा जुटेका छन् । यसरी आन्दोलनको तयारीमा जुटिरहेका ट्रेड यूनियनहरूमा मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ, विप्लव नेतृत्वको नेकपा निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ, सिपी मैनाली नेतृत्वको माले निकट प्रगतिशिल स्वतन्त्र ट्रेड यूनियन महासंघ, गोपाल किराती नेतृत्वको माके निकट क्रान्तिकारी ट्रेड यूनियन महासंघ रहेका छन् । यी संगठनहरूले मजदुरहरूका हक, हित र अधिकारसँग जोडिएका ३५ बुँदे माग अगाडि सारेर आन्दोलनको तयारीमा जुटेका छन् ।



अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक इश्वर तिमल्सिनाको नेतृत्वमा गएका मजदुर नेताहरूले आइतबार अर्थात् १३ श्रावण, २०७५ मा नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्र बुझाउन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका कार्यालय सदस्यद्वय बद्री चापागाई, ठाकुर तिमल्सिना र सचिवालय सदस्य कुमार घतानी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका सचिव देव परियार, क्रान्तिकारी ट्रेड युनियन महासंघ, नेपालका अध्यक्ष राजन तिमल्सिना, प्रगतीशिल स्वतन्त्र ट्रेड युनियन महासंघ (पिकोण्ट)का अध्यक्ष केदार गिरीलगायतका नेताहरू सिंहदरबार स्थिति मन्त्रीको कार्यकक्षमा गएका थिए ।

ज्ञापन पत्र बुझाउने क्रममा हालै चितवनमा प्रहरी प्रशासनले अटो चालक मजदुहरूमाथि गरेको बर्बर दमन र घाइतेहरूको उपचार तथा क्षतिपूर्तिको विषय पनि उठाएको क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक इश्वर तिमिल्सिनाले बताए । मन्त्रीले मजदुरहरूमाथि भएको दमनको विषयमा अनभिज्ञता प्रकट गरेको पनि नेता तिमिल्सिनाले बताए । ...बाँकी ५ पेजमा

## 'दम्भ र सत्ताले मान्छे ठूलो हुँदैन'



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम् सीताराम तामाङले दम्भ र सत्ताले कुनै पनि मानिस ठूलो नहुने बताएका छन् । काठमाडौंको अनामनगर स्थित सम्वाद डबलीमा शनिवार दिउँसो आयोजित 'ताम्सालिङ प्रदेश' नामाकरणको सवाल विषयक एक छलफल कार्यक्रमलाई सम्बोधन गर्दै तामाङले उक्त कुरा बताएका हुन् । कार्यक्रमका प्रमुख अतिथि तामाङले वर्तमान वाम नामको बहुमतको सरकार भएको बेला नेपालमा पहिचान विनाको प्रदेशको नामाकरणबारे आश्चर्य प्रकट गर्ने सन्दर्भमा सत्ता र दम्भको कुरा उठाएका हुन् ।

पहिचान कुनै नदी वा खोला वा पहाडलाई आवश्यक छैन भन्दै प्रमुख अतिथि तामाङले पहिचान त त्यहाँ बसोबास गर्ने आदिवासी, जनजाति र समग्र जनतालाई चाहिएको हो भनी प्रस्ट पारे । आफ्नै देशमा रहेका जनताको पहिचान मेटाउन चाहनेहरूले पहिचानविरोधी हर्कतहरू गरिरहेको भन्दै तामाङले पहिचान भनेको अपनत्व र स्वाभिमान भएको कुरा पनि प्रस्ट पारे ।

अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय संयोजक फुर्नाम्गेल मोक्तानले प्रदेशहरूको नामाकरण भइरहेको सन्दर्भमा 'ताम्सालिङ प्रदेश'को सवाल विषयक एक छलफल शीर्षकमा तीन पृष्ठ लामो छलफल सन्दर्भ सामग्री पस्किएपछि उपस्थित सबैबाट आआफ्नो धारणा राख्ने काम सुरु भएको थियो । मानवशास्त्री प्रा. डा. मुक्तसिंह तामाङले जातीय पहिचान र मानव जातिको इतिहासलाई नेपालको सन्दर्भमा निकै मार्मिक ढंगले जोडेर राखेका थिए । नेपालमा मानव बसोवास, विकास र पहिचानको कुरालाई ससन्दर्भ जोडेर प्रस्तुत गरेका थिए । पूर्व न्यायाधीश कुमार योञ्जन तामाङले मानव जाति र पहिचानको कुरा इतिहास र कानुनसँग जोडेर राखेका थिए । ताम्सालिङ संयुक्त संघर्ष समितिका संयोजक जय गोलेले संघर्षविना पहिचानका कुरा यो सरकारले पूरा नगर्ने र यो सरकार पहिचान विरोधी समेत भएको कुरामाथि प्रकाश पारेका थिए ।

त्यसै गरी लोकतान्त्रिक तामाङ संघका प्रतिनिधि विजय लोप्चनले सरकारले पहिचानको कुरा छाडेर हिंड्दा समस्या निम्त्याएको कुरामा जोड दिएका थिए । सुरेश तामाङले सञ्चालन गरेको उक्त कार्यक्रमको अध्यक्षता फुर्नाम्गेल मोक्तानले गरेका थिए । कार्यक्रममा शहीद परिवार कृष्ण तामाङको पनि उपस्थिति रहेको थियो ।

## मेडिकल माफियाको माखेसङ्लोमा सरकार

काठमाडौं । नेपालको अहिलेको राजनीति मेडिकल कलेजको वरिपरि घुमिरहेको छ । सरकार हल न चल भएको छ । संसद बन्दी बनेको छ । जनता आश्चर्यमा परेका छन् । मेडिकल माफिया तीब्र चलखेलमा छन् । तर्क आएका छन्, कुतर्क छाएका छन् ।

एकातर्फ, डा. गोविन्द केसी र सरकारको बीचमा भएको समझदारी सबैको चासोको विषय बनेको छ । अर्कोतर्फ, सरकारले यो पूरा गर्दैन कि भन्ने अविश्वास व्यापक हुन थालेको छ । आश्चर्यको कुरा त के छ भने यही एउटै मेडिकल कलेजको प्रश्नले 'वाम' भनिएको सरकार जनविरोधी जस्तो र कांग्रेसी प्रतिपक्ष प्रजातन्त्रवादी जस्तो सतहमा देखा पर्न थालेको पनि छ ।

डा. केसीको माग सापेक्षतामा तल्ला वर्ग र उपेक्षित क्षेत्रका जनताको माग बन्न पुगेको छ । उनी कर्णालीको जुम्लामा पुगेर कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठानमा आमरण अनसन बसेर आफ्ना मागहरूलाई जनताका बीचमा अनुमोदन गराए । कुराकानी गरे, छलफल चलाए र उनका मागहरू जनताका बीचमा बहसका विषयवस्तु बनाए ।

तर सरकारले भने केसीले गरेका यी सबै कामहरू कसैले उचालेर गरेको भन्दै बेवास्ता गर्न थाल्यो । यसले जनताका माझमा अनुमोदन भइसकेका मागहरू लत्याउन खोज्यो । सरकारको समृद्ध नेपाल र सुखी नेपालीको नारा अब देखाउने दाँतमा परिणत हुन पुग्यो । जनताले खोज्न थाले कारणहरू कि सरकार किन हल न चल भएको छ ।

संसदको सर्वोच्चतामाथि कसैको पनि प्रश्न छैन । तर संसदको सर्वोच्चताका नाममा सापेक्षिक रूपमा जनताका पक्षमा ल्याइएका मागहरू किन यति लामो समय अस्वीकार्य भए ? फेरि मेडिकल कलेजहरू सरकारीकरण गरिनु पर्ने र सर्वसाधरणका छोराछोरीहरूको पनि मेडिकल शिक्षामा पहुँच हुनुपर्ने कुरा जनताको 'वाम' सरकारका लागि घाँडो किन हुन गए ? कसलाई हो मेडिकल शिक्षा सुम्पन लागेको ?

यसका पछाडिका थुप्रै प्रमाणहरू छन् कि वर्तमान सरकार मार्फत् मेडिकल शिक्षा व्यापारीका ...बाँकी ४ पेजमा

## निर्मलाका हत्यारालाई कडा कारबाही गर्न महिला संगठनहरूको माग

काठमाडौं । बलात्कार गरी हत्या गरिएकी कञ्चनपुरकी बालिका निर्मला पन्तका हत्यारालाई कडाभन्दा कडा कारबाही गर्न महिला संगठनहरूले माग गरेका छन् । अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की अध्यक्ष लक्ष्मी मुडभरी, महिला शक्ति महासंघ नेपालकी संयोजक मनु हुमागाई, अखिल नेपाल महिला संघकी अध्यक्ष मिना पुन र अखिल नेपाल प्रगतिशिल महिला संघकी उपाध्यक्ष जनक चालिसेले संयुक्त रूपमा हस्ताक्षरसहित आइतबार जारी गरिएको वक्तव्यमा यस्तो कारबाहीको माग गरिएको छ । वक्तव्यमा उनीहरूले लेखेका छन्, "कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. १८ की १३ वर्षिया बालिका निर्मला पन्तको बलत्कार गरी हत्या गरिएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनाको हामी घोर भर्त्सना गर्दछौं । उक्त घटनामा संलग्न दोषीलाई ...बाँकी ५ पेजमा

## सरकारी सेवामा ३००० प्रतिशतसम्म शुल्क वृद्धि

काठमाडौ । केपी शर्मा ओली नेतृत्वको सरकारले जनतालाई दिने सेवामा ३००० प्रतिशतसम्म शुल्क वृद्धि गरेको पाइएको छ । दुई तिहाई बहुमतको सरकारको नेतृत्व गरिरहेको आफूलाई वाम तथा कम्युनिष्ट बताउने ओली नेतृत्वको सरकारले जनताको ढाड सेक्ने गरी मूल्वृद्धि गरेको छ । मुलुकमा कथित संघीयता कार्यन्वयनमा आएसँगै आर्थिक वर्ष २०७५/७६ को सुरुवातमै साउन १ गतेदेखि लागु हुने गरी सरकारले हरेक क्षेत्रमा मूल्यवृद्धि गरेको छ ।

आर्थिक वर्षको बजेटसँगै दैनिक उपभोग्य वस्तुहरूमा मूल्यवृद्धि भएका थिए भने साउन १ गतेदेखि लागु हुने गरी विभिन्न बस्तुहरूमा कर बढाउनुका साथै आम्दानीमा समेत उच्च दरको कर लगाउन शुरु गरेको हो ।

**यस्ता छन् वृद्धि गरिएका करहरू**

१. नागरिकता सिफारिस रु. ५ बाट रु. ५० ।-

अंगीकृत नागरिकता रु. १५० बाट रु. ५०००।-

प्रतिलिपि सिफारिस रु. १० बाट रु. ५० ।- ...बाँकी ८ पेजमा

## बलात्कार गरी हत्या गर्ने अपराधीहरूलाई मृत्युदण्डको सजाय दिन



● धनन्जय अवस्थी

कञ्चनपुर । सामूहिक बलात्कार गरी हत्या गरिएकी कञ्चनपुर भिमदत्त नगरपालिका- २ महुलिया उल्टाखामकी १३ वर्षिया निर्मल पन्तका हत्याराहरूलाई पक्राउ गरी मृत्युदण्डको सजाय दिन आफन्त र स्थानीयबासीहरूले माग गरेका छन् । बालिका हत्याराको खोजी र कारबाहीको माग गर्दै गरिएको प्रदर्शनमा उनीहरूले यस्तो माग गरेका हुन् । उनीहरूले भीमदत्त नगरपालिकाको गेटमा शुक्रबार दिनभर प्रदर्शन गरेका थिए । प्रदर्शनको क्रममा प्रहरीसँग पटक पटक झडप समेत भएको ...बाँकी ५ पेजमा

## अधिनायकवादको सन्दर्भ

**संसदवादी राजनीतिक दल तथा त्यसै व्यवस्थाका पक्षधर कतिपय बुद्धिजीवीहरूद्वारा कम्युनिस्ट हुनुको नाताले प्र.म. ओलीले अधिनायकवादको अभ्यास गरिरहेका छन् भनेर जुन तर्क दिइएको छ र आफूलाई जसरी विशुद्ध तथा खाँटी लोकतन्त्रवादीका रूपमा प्रस्तुत गरिएको छ त्यो पनि गलत हो । किनभने प्र.म. ओली पनि कम्युनिस्ट नभई संसदीय लोकतन्त्रकै पक्षधर हुन्**



● मोहन वैद्य 'किरण' ●

अहिले विभिन्न मिडियाहरूमा ओली सरकारप्रति संकेत गर्दै अधिनायकवादबारे चर्चा भइरहेको पाइन्छ । यसै क्रममा सर्वसत्तावाद पनि चर्चामा आएको छ । यी दुवै पदावली झण्डै समानार्थी नै हुन् । अधिनायकवाद राजनीति विज्ञानको एक विशिष्ट पारिभाषिक पदावली हो । विभिन्न सन्दर्भमा विरोधी पक्षको आलोचना र विरोध गर्दा अधिनायकवाद पदावलीको प्रयोग पनि गरिन्छ । अधिनायकवादलाई लोकतन्त्रको विपरीतार्थक पदावलीका रूपमा लिने गरिएको छ । अधिनायकवादको प्रयोगको सन्दर्भमा अनेकौं विभ्रम पैदा हुने गरेका छन् । तसर्थ, यसबारे विशेष गम्भीरताका साथ अध्ययन गर्न र छलफल चलाउन जरुरी छ ।

अधिनायकवाद र लोकतन्त्र वर्गसमाजका उपज र अभिव्यक्तिका रूपमा परस्पर विपरीतार्थबोधक पदावली हुन् । ती एक अर्कासित घनिष्ठ रूपमा जोडिएका छन् । जसरी दिन र रात, सुख र दुःख, शोषक र शोषित, गरिव र धनी, ऋण र धन एक अर्कासित अलग्गिनै सक्दैनन्, ठीक त्यसरी नै अधिनायकवाद र लोकतन्त्र पनि एक अर्कासित अलग्गिनै सक्तैनन् । यो इतिहास र समाज विज्ञानको एक अपरिहार्य द्वन्द्वात्मक मान्यता हो । वर्गसमाजमा यो मान्यतालाई कसैले चाहेर पनि तोड्न सक्तैन ।

प्रायशः संसदवादी राजनीतिक शक्तिहरूले आफूलाई प्रजातन्त्र, लोकतन्त्र वा जनवाद पक्षधर बताउने गर्दछन् र कम्युनिस्टहरूलाई अधिनायकवादी भनेर आरोपित गर्दछन् । नेपाली कांग्रेससहितका कैयौं संसदवादी शक्ति र तिनका पक्षधर बुद्धिजीवीहरूको ओली सरकारप्रतिको आलोचना पनि यसै सन्दर्भ र दृष्टिकोणमा आधारित छ । यो अर्ध सत्य त हो, तर पूर्ण सत्य भने होइन ।

वर्गसमाजमा लोकतन्त्रको स्वरूप वर्गीय हुन्छ । त्यो लोकतन्त्र एकैसाथ लोकतन्त्र र अधिनायकवाद दुवै हुन्छ । त्यो लोकतन्त्र सजातीय वर्गका लागि लोकतन्त्र र विजातीय वर्गका लागि अधिनायकवाद हुन्छ । लोकतन्त्र कहिल्यै पनि सबैका लागि र विशुद्ध लोकतन्त्र हुनै सक्तैन । पुँजीवादी समाजमा स्थापित लोकतन्त्र पुँजीपति वर्गका लागि लोकतन्त्र र सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायका लागि अधिनायकतन्त्र हुने गर्दछ । समाजवादी समाजमा ...बाँकी ७ पेजमा

## सम्पादकीय

# बिक्री भएजति जे पनि बेचेर खाने यो सरकार

ललितपुरको खुमलटारस्थित ४२ रोपनी सरकारी जग्गा एक निजी कम्पनीलाई भाडामा दिएपछि त्यस वरपरको सघन वस्तीमा रहेको जनताका लागि आपत्विपद्मा ज्यान जोगाउन निस्कने सार्वजनिक ठाउँ पनि खोसिएको छ। स्थानीय जनता यस अघि निरन्तर गइरहेको भूकम्पका बेला रातदिन पाल टाँगेर यसैमा बसेका थिए । वैकल्पिक वासस्थानका रूपमा रहेको यो सरकारी जमिन जनताका हातबाट खोसिन नदिन स्थानीयहरू आन्दोलनमा उत्रिएका छन् । क्रोशित जनताको भनाइ छ- सरकारले नै अब निकासपकास दिने भएन ।

रेडियो नेपालको स्वामित्वमा रहेको उक्त जग्गा सरकारले एक निजी कम्पनीलाई दिएपछि उक्त कम्पनीले त्यहाँ हाउजिङ निर्माण गर्ने भएको छ । उसले आफूले भाडामा लिएको जमिन जेजसरी पनि उपयोगमा ल्याउन पाउने सर्त सरकारका लागि स्वीकार्य भएपछि यो स्थानीय जनताको समस्या बन्न गएको हो । स्थानीय जनता भन्छन्, पोहरपरारको सरकारले पनि दिएको थियो रे तर हाउजिङ निर्माण नगर्ने भनेर दिएको थियो रे । जनताको आपत्ति यहाँ हाउजिङ निर्माण भएपछि वरपरका वस्तीहरूको निकास र आश्रयको समाप्त हुन्छ ।

सरकारले लिने निर्णय स्थानीय जनताका भलाइमा हुनु पर्छ । यो सबै भन्दा बढी त उनीहरूका सरोकार र चासोको विषय हो । आफूलाई देखाएर भन्दा जनताले निर्वाचित गरेका, बहुमत दिएका र जनताका लागि आफूहरूले काम गर्ने कुरा निकै नै गर्ने । तर व्यवहारमा जाँदा र कार्यान्वयन गर्दा आफ्नो स्वार्थ कहाँबाट पूरा हुन्छ, कहाँबाट रकम कुम्ल्याउन पाइन्छ र मौका परेका बेला कहाँबाट के हात लाग्छ भनेर कदमहरू चाल्ने छद्म र नक्कली सोंचले निकै खेल्ने र खेलाउने गरेको छ ।

चीन र भारतबाट रेल ल्याउने बाहनामा जनताको नाममा विदेशबाट महंगो ऋण भित्र्याउने चालबाजी गरिरहेका छन् । नेपालमा विदेशी लगानीकर्ताहरूलाई भित्र्याएर यहाँका फलाम तथा चुनढुंगा बेच्ने दाउँमा छन् । नेपालको पानी पूरै डोलाएर भारतलाई दिएर सातपुस्ते रकम आफ्नो हातमा लिंदै छन् । मेडिकल कलेजहरू विस्तार गरेर खर्बौ रकम लिन थालेका छन् । वनजंगलमा वन सुधार र पुराना रुख बेच्न दिने नाममा पहाड, हिमाल र तराइका पुर्ख्यौली रुखहरू आफ्ना कार्यकर्ता लगाएर बेच्न खुल्ला गरेका छन् ।

अहिले वन मासेर स्वाहा पारिएको छ । जहाँ पनि माफियाको बिगबिगी छ । स्वास्थ्यमा मेडिकल माफिया, कृषि वनमा काठ माफिया, नदीमा जलमाफिया, शिक्षामा पनि माफिया, वैदेशिक रोजगारमा माफिया, जमीनहरूमा भूमाफिया, सुन तस्करीमा पनि माफिया, नदी र जमीन तथा जनता बेच्ने सरकार स्वयम् नै माफिया भएपछि देश कसरी उँभो लाग्छ ?

देश अहिले माफियाको सञ्जालमा चलिरहेको छ। हरेक कुरा माफियाकरण भएरहेको छ । ओलीको सरकार बनाउनेमा होइन, बेच्नेमा उद्दत छ । जे पनि बेच्ने । पानी जहाजका कुरा  गर्‍यो, नदी बेच्यो । रेलका कुरा गर्‍यो, जमीन बेच्यो । फ्रि वाइफाइका कुरा गर्‍यो, इन्टरनेट बेच्यो । आखिर विदेशीका हातमा बेचिएका यी शासकहरूलाई बेच्ने र बेचिने भन्ने त सामान्य नै भयो ।

फेरि सरकारी नीति नै यस्तो बनेको र बनाइएको छ कि एनिहाउ, बिक्रि भएसम्म जेपनि बेच र बेचेर खाऊ । सन् १९५० देखिका असमान सन्धिसंझौता विना पुनरावलोकन कार्यान्वयनमा हालेको छ यो ओली सरकारले । यसले राष्ट्रका सिमाना बेचिरहेको छ । नदीनाला बेचिरहेको छ। वनजंगल बेचिरहेको छ। जनता (युवायुवती) बेचिरहेको छ।  राष्ट्रिय स्वाभिमान बेचिरहेको छ। वौद्धिक जनशक्ति पलायन गराइरहेको छ ।

देशका एजेण्डा बेचिरहेको छ। चीन भ्रमणमा सबै भारतीय प्रधानमन्त्री मोदीले पहिल्यै गरिदिएका थिए नेपालका लागि । ओली प्रोटोकलमा हस्ताक्षर पनि गर्न नपाएर आए। कत्रो ठूलो अन्तर्राष्ट्रिय बेइज्जतको कुरा। ओली सरकार मौलिकता बेचिरहेको छ। विश्वमा नेपाल के र नेपालीपन के त ?  देशलाई भागबण्डा लगाउन दिएको छ । काठमाडौंसम्म चीन झर्ने, काठमाडौंसम्म भारत चढ्ने । ओलीको दिमागमा हाम्रो देश नेपाल कहाँ छ ? प्रधानमन्त्री भएका केपी ओलीको आफ्नै पहिचान के हो ? यिनी कुन माटो र कुन जनताका लागि प्रधानमन्त्री भएको छु भन्ने सम्झन्छन् ?

आखिर एउटै प्रश्न बाँकी रहन्छ- जे पनि बेच्ने प्रम ओली, आफू बेचिएका छन् कि छैनन् ?

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# प्रदेश नामाकरण र 'ताम्सालिङ प्रदेश'को सवाल


फुर्नाम्गेल मोक्तान

**अबको संघर्षको बाटो भनेकै वैकल्पिक नयाँ राज्य व्यवस्थाको लागि हुनु पर्दछ, त्यो भनेको जनवादी गणतन्त्र हो । विचार संगठन र संघर्षको माध्यमबाट मात्रै हामी तामाङहरूले मुक्ति पाउने छौं । तामाङहरूले आफ्नो जातीय मुक्तिसंघर्षलाई वर्गसंघर्षको भेलसँग एकाकार गर्न सक्नु पर्दछ**

युगौंदेखिको सामन्ती केन्द्रीकृत राज्यद्वारा तामाङ समुदायलगायत आदिवासी, जनजाति, अल्पसंख्यक समुदाय वर्गमाथि राजनीतिक, आर्थिक, भाषिक सांस्कृति साथै विभिन्न सामाजिक उत्पीडन र दमन भइरहेको छ। यसै सन्दर्भमा भएका विभन्न संघर्षहरूमा विशेष गरी १० वर्ष जनयुद्ध र २०६२/०६३ को आन्दोलनमा जातीय उत्पीडनबाट मुक्तिको आवाज प्रमुख रूपमा उठ्यो ।

संघीयता धर्म निरपेक्षताका साथै जाति, भाषा, क्षेत्रको स्वायत्त र स्वशासनसहित राज्यको पुनर्संरचनाको विषय आन्दोलनबाट स्थापित भयो । असन्तुष्टिको आगो भित्रभित्रै भुसको आगो भई गुम्सेर बसेको आदिवासी जनजाति, अल्पसंख्यक जाति, वर्ग र लिंगका मानिसहरू आन्दोलनको अग्रभागमा आए । परिणामतः संसदको पुनर्स्थापनामार्फत् संविधानको निर्माण भई नेपालमा जननिर्वाचित पहिलो संविधानसभा बन्यो । यो महत्वपूर्ण उपलब्धि थियो'ले २ सय ५० वर्ष लामो सामन्ती केन्द्रीकृत राज्यव्यवस्था राजतन्त्रको अन्त भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो ।

विभिन्न जनसंघर्ष, जनयुद्ध, आदिवासी जनजाति, आन्दोलन तथा मधेस आन्दोलनको राप र तापबाट बनेको पहिलो संविधानसभा एक किसिमको प्रगतिशील थियो । तर यी विभिन्न आन्दोलनको उपलब्धिको रूपमा आएको संविधानसभाले तोकिएको समयभित्र थपिएका समयसीमासम्म पनि संविधान निर्माण गर्न नसक्नु विडम्बना थियो । पहिलो संविधानसभाबाट संविधान बन्न नदिनुमा ने.कां., नेकपा (एमाले) र राप्रपासमेतको नकारात्मक भूमिका रह्यो, साथै संविधानसभामा पहिलो पार्टी रहेको नेकपा (माओवादी केन्द्र)को अध्यक्ष प्रचण्डको समेत भूमिका शंकास्पद थियो ।

तोकिएको समयसीमाभित्र नै आदिवासी, जनजाति, अल्पसंख्यक समुदायहरूले उठाएको माग र विषयहरूलाई समेटेर संविधान घोषणा गर भनेर थुप्रै संघर्षहरू भए । यसक्रममा नेपाल सरकारसँग आदिवासी जनजाति संयुक्त संघर्ष समिति तथा ' ताम्सालिङ' संयुक्त संघर्ष समितिका साथै अन्य थुप्रै संघर्षरत शक्तिहरूसँग थुप्रै सहमति र सम्झौताहरू राज्यले गरिएका थिए ।

राज्यको नयाँ संरचनामा जाति, भाषा, समुदाय र वर्गका विभिन्न मागहरू संविधानमा उल्लेख हुनुपर्ने आवाजहरू उठिसकेपछि राज्यको नयाँ संरचना र संघीयताको ढाँचाबारे संविधानसभाले आफूहरू मातहत दुईवटा संवैधानिक समितिहरू निर्माण गरी सुझाव लिए । पहिलो लोकेन्द्र विष्टको संयोजकत्वमा संविधानसभाअन्तर्गत राज्य पुनर्संरचना तथा शक्ति बाँडफाँड समिति बनाई सुझाव लिएर विष्टको संयोजकत्वमा बनेको समितिले बहुमतको निर्णयअनुसार पहिचान र सामर्थ्यका आधारमा १४ प्रदेशको सुझाव संविधानसभालाई बुझायो ।

त्यस पहिचान सामर्थ्यमा आधारित १४ प्रदेशको सुझावलाई राज्य पक्षले सकारात्मक रूपमा लिने समेन र यसलाई संविधानसभामा पेश गर्नुको सट्टा फेरि अर्को मदन परियारको संयोजकत्वमा संविधानसभाअन्तर्गत राज्य पुनर्संरचना आयोग निर्माण गरी सुझाव लिएका थिए । उक्त आयोगले पनि पहिचान र सामर्थ्यको आधारमा १० प्रदेश र १ गौरभौगोलिक गरी ११ प्रदेशको सुझाव संविधानसभामा निर्णायार्थ पेश गरियो । माथिका दुवै संवैधानिक समितिबाट पहिचान र सामर्थ्यका आधारमा प्रदेशहरूको निर्माण र राज्यको पुनर्संरचना हुनुपर्ने सुझाव आएपछि यथास्थितिवादी तथा प्रतिक्रियावादीहरू जसरी पनि यो वा ऊ बहानामा पहिलो संविधानसभाबाट संविधान निर्माण हुन नदिने खेलमा लागेको प्रष्ट थियो ।

नेपाली जनताको विभिन्न संघर्षको बलमा बनेको संविधानसभाबाट संविधान बन्न नसक्नु र यसको विधिवत समाप्त गर्नु दुर्भाग्यपूर्ण परिघटना थियो । संघर्षको बीजबाट निर्माण भएको संविधानसभालाई समाप्त पारी दोस्रो संविधानसभा निर्वाचनको नौटंकी रच्नु वास्तवमा आदिवासी जनजाति आन्दोलनलाई तेजोबध गर्ने, नियन्त्रण र दमन गर्ने उद्देश्यले भएको थियो भन्ने हाम्रो संगठनको ठहर छ। अर्को आश्चर्य विषय जातीय मुक्तिको कुरा उठाइ १० वर्षे जनयुद्धको मुख्य नेतृत्व गर्ने माओवादी केन्द्र र सोही पार्टीका निर्वाचित प्रधानमन्त्री डा.बाबुराम भट्टराईबाट सबै आदिवासी जनजाति, मधेसी समुदायसमेतको समर्थन प्राप्त संविधानसभालाई समाप्त गर्न पुग्नु, हेटौंडा महाधिवेशनबाट सर्प्राइज भनी अध्यक्ष प्रचण्डद्वारा नै सर्वोच्च अदालतको तत्कालीन बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई दोस्रो संविधानसभा निर्वाचनका वा अन्तरिम सरकारको प्रमुखमा प्रस्ताव ल्याउनु आश्चर्य र विडम्बना थियो । उक्त सबै नाटकीय प्रायोजित र षड्यन्त्रपूर्ण क्रियाकलापको हाम्रो संगठनले विरोध गर्दै संविधानसभाको निर्वाचनलाई बहिष्कार गरेको थियो ।

हाम्रो संगठनले दोस्रो संविधानसभाको निर्वाचनलाई विरोध गरी बहिष्कार गरे पनि आदिवासी जनजातिका थुप्रै संघसंस्था, राजनीतिक पार्टी, व्यक्ति व्यक्तित्वहरूले स्वागत गर्दै निर्वाचनमा भाग लिनु त्रुटिपूर्ण थियो । आदिवासी जनजाति आन्दोलन विभाजित र कमजोर भएपछि सम्पन्न निर्वाचनमा आएको परिणाम स्वाभाविक थियो । निर्वाचनमा यथास्थितिवादी राजनीतिक पार्टी, शक्ति र व्यक्तिहरू नै बहुमतमा निर्वाचित भएपछि संविधानसभाबाट आदिवासी जनजाति मैत्री संविधान बन्छ भन्ने कुरा दिवासपना मात्र थियो, आखिर भयो, त्यही ।

'फुटाऊ र शासन गर'को मान्यताबाट प्रेरित यथास्थितिवादी, अभिजातीय वर्ग र शक्तिले संविधानसभा कब्जा गरेपछि कुनै पनि समुदायको कुनै पनि भावना, मागलाई सुनुवाई गरिएन । जनसमुदायको विभिन्न आवाजहरूलाई निस्तेज पार्दै अन्तरिम संविधानले व्यवस्था गरेका मान्यताहरू, पहिलो संविधानसभाअन्तर्गत विभिन्न पक्षसँग भएको सहमति र सम्झौताहरू, दुईवटा संवैधानिक समितिबाट दिएका पहिचान र सामर्थ्यसहितको राज्यको पुनर्संरचनाको सुझावसमेतलाई लत्याएर मुलुकमा कथित एक थान संविधान जारी गर्‍यो । उक्त 'नेपालको संविधान २०७२' नाम मात्रको संघीयता, धर्मनिरपेक्षता भएको पश्चगामी कालो संविधान हो भन्दै हाम्रो संगठनलगायत थुप्रै आदिवासी जनजाति संघसंस्थाहरू र राजनीतिक पार्टीले समेत विरोध गर्दै कालो संविधान भनी घोषणा गरे । अहिले उक्त संविधान वास्तवमा जनसंविधान नभएको कुरा व्यवहारतः पुष्टिट हुँदै गइरहेका छन् ।

हामीले तामाङहरूको स्वशासित प्रदेश ' ताम्सालिङ' को निरन्तर आवाज उठाइरहेका छौं । ' ताम्सालिङ' मात्र नभई हामीले यो मुलुक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक रूपले क्षेत्रीय असन्तुलनमा आधारित भएकोले आत्मनिर्णयको सिद्धान्तमा अधारित आदिवासी जनजाति, भाषिक सांस्कृतिक समुदाय र भौगोलिक विकटताको समस्यालाई समेत ध्यानमा राखी १४ वटा स्वायत्त र स्वशासित प्रदेश वा राज्यको कुरालाई उठाइ आइरहेका छौं । जस्तै : किरात, अवध, मिथिला, भोजपुरा, थारुवान, सेती-महाकाली, भेरी-कर्णाली, मगरात, तमुवान, नेवाः र ताम्सालिङ प्रदेश आदि । यी प्रदेशहरूभित्र पनि विशिष्ट रूपमा अल्पसंख्यक जाति समुदाय, वर्ग र क्षेत्रका लागि स्वशासनभित्र स्वशासनको प्रत्याभूति हुने ...बाँकी ८ पेजमा

## झर्रोटर्रो

# थुतुनो

कैलुब्राह

यो थुतुनो पनि बडा विचित्रको हुन्च । कहिले यो थुतुनोले शुभलाभ दिलाउँच । कहिले यही थुतुनोका कारण चँदाखाँदाको जागिर पनि खुस्काउँच। सानसौकतको मानमनितो खोसेर नाङ्गै पारेर रुवाउँदै लखेट्च । कसैलाई आशिर्वाद दिन पनि थुतुनो अघि सर्च, गाली गर्नु पर्दा पनि थुतुनोलाई सकसक पर्च । राम्रो कुरो गर्न पनि थुतुनो, नराम्रो कुरो गर्न परे पनि यही थुतुनो । विकास पनि यही थुतुनोले गर्च, विनास पनि यही थुतुनोले गर्च । नेपाल मण्डलमा त झन् थुतुनोको करामत निकै उच्च कोटीको छ । यहाँको जस्तो थुतुनो यो पृथ्वी मण्डलमा कहीँ पनि छैन । जे पनि थुतुनोले गर्च । भाषण पनि थुतुनोले गर्च, कासन पनि थुतुनोले गर्च । रासन पनि थुतुनोले खान्च, आसन पनि थुतुनोले खान्च । पैला जागिर पनि थुतुनोले ख्वाउँच, पछि त्यो जागिर पनि यही थुतुनोले खान्च । थुतुनोको कमालले धमाल मच्चाउँच ।

गएको हप्ता नेपाल सरकारका शेरले आफ्नो शेरे गर्जन देखाएर थुतुनो के चलाएका थे' मन्तरीबाट हात धुनु परिहालयो । भोक हडताल गरेका डाक्टरको समर्थनमा उत्रेका अरू डाक्टर नर्सहरूलाई थुतुनो चलाएर सरकारी हुङ्कार गर्दै तिनलाई ठिक पार्ने जोसका साथ गर्जिएका शेर अन्त्यमा स्याल बनेर सिँहदरबारबाट रुझेको बिरालो लुथ्रुक परेर भागे झैं रुवावासी गर्दै निस्कनु पर्‍यो । पैंसट्ठी सालमा मिस्टर सुप्रिमोको थुतुनोले पर्धानमन्तरीकै पद खुस्काइद्या थ्यो' । उनले पनि कट्वाले सेनापतिलाई थुतुनो चलाएर ठिक पार्चु भन्दा उसले 'तुम शेर हो तो मै सवाशेर' भनेर सिमा पारिबाट झनै ठूलो थुतुनो चलाउन लगाएर पर्धानमन्तरीको जागिरै चट पारिदिए । यस्तो हुन्च थुतुनोको करामत ।

ऐलेका पर्धानमन्तरी झन् थुतुनो चलाउन माहिर छन् । थतुने बरदान लिएर जन्मेका रैचन् । आकासतिर फर्केर जमीनमा पानीजाँज चलाउँछु भनेर थुतुनो चलाउँचन् । उत्तरबाट रेल गुडाउँचु भनेर थुतुनो उधिन्चन् । घरघरमा ग्यसका पाइप फिट गर्दिन्चु भनेर थुतुनो खेलाउँचन् । हावाबाट बिजुली निकालिन्च भनेर थुतुनोबाट हावा फालचन् । हुँदा हुँदा नेपाल मण्डलैभरिका थानीय सरकारका लाउके मन्तरीहरूले पनि स्मार्ट सहर बनाउँचम् भन्दै थुतुनो चलाइरा'छन् । गाउँ स्मार्ट, सहर टोल सबै स्मार्ट बनाउने रे । घर पनि स्मार्ट बनाउने रे । अब त प्रत्येक घरका कोठाचोटा पनि स्मार्ट बनाउन बेर छैन । काठमाण्डु खाल्टो महानगरका पर्धानले काठमाण्डु महानगरलाई स्मार्ट बनाउँचु भनेर चुनाउका बेला निकै जोडले थुतुनो चलाए । चुनाउ जितेर स्मार्टको सुरुआत आफ्नै घरबाट गर्ने भनेर आफ्नो तलव भत्ता र गाडि सुविधा लिएर स्मार्टको जग हाले । अहिले काठमाण्डु सहर निकै स्मार्ट बनेको छ। यो पनि थुतुनोकै कमाल हो ।

नेपाल मण्डलमा हुने भनेकै थुतुनोको विकास हो । थुतुनोको विकास भए यहाँ सबै पुग्च । पञ्च महाप्रेतले नेपाल मण्डललाई विश्वकै शान्ति क्षेत्र बनाउँचु भनेर थुतुनो चलाउँदै संसार भ्रमण गर्दै हिंडेका थे' । महादेवले सतिदेवीको लास बोकेर भौंतारिंदै हिंडेझैं महाप्रेतले नेपाल मण्डलको नक्सा काँधमा बोकेर यसलाई शान्ति नाउँले पुकार भन्दै हिंडे । तर त्यसले उनको विर्ता थाम्न सकेन । हुँदा हुँदा आफ्नै घरबाट दागा धरेका मनुखेले उनीपट्टीको कूलै सखाप पारेर रित्याइदिए । अहिले सरकारी दलका लाउकेहर्ले नेपाल मण्डललाई कसैले सिङ्गापुर बनाइदिन्चम् कसैले स्वीजरल्याण्ड बनाइदिन्चम् भन्दै थुतुनो चलाउँचन् । हावाबाट बिजुली निकालेर झिलिमिली पार्नेदेखी पानीजाँज चलाउने र हिमाल डाँडा पाखा पखेरैभरि रेल गुडाएर विकास गर्ने भन्दै थुतुनो चलाउँचन् । मन्तर बन्यो किएउटा न एउटा उखरमाउलो मच्चाइहाल्चन् । सगरमाथाको पानी सातसमुन्द्र पारीसम्म बोतलमा भरेर बेचेर नेपाल मण्डलमा डलर फलाउनेदेखि आउँदो वरल्डकपमा नेपालका ठिटाहर्लाई पनि भकुण्डो हान्न लगाएर सुनको वरल्डकपको डल्लो ल्याउँचम् भन्दै थुतुनो रगड्चन् ।

अहिले नेपाल मण्डलमा थुतुनोकै करामतले बहुमतको 'कम्निस' सरकार बनेको छ । यो नेपाल मण्डलको इतिहासमै सर्वाधिक नयाँ कुरो हो । यहाँ कम्निस पनि काम, ब्यबहार र सिद्धान्तले हुन पर्दैन । थुतुनोले कम्निस भने पुग्च । काम, ब्यबहार र सिद्धान्तले कम्निस हुन खोज्नेलाई यही थुतुनोले उग्रवादी, जड्सूत्रवादी, आतङ्ककारी, हत्यारा आदि इत्यादि केके जाति नाउँ राखेर तिनको छाला काडेर नाङ्गै पार्च । रैती मनुखेले पनि थुतुने कम्निसलाई नै मन पराउँचन् । किनकि थुतुनोले चकाचौंध मच्चाउँच । थुतुने चकाचौंध भए रैतीलाई अरू के चाहियो र ? अहिले आफूले भोट दे'का कम्निस सरकारको थुतुनोको तुजुक खुब मिठोसित चाखिराखेका छन् । जतातते कर बढाएर, महङ्गी बडाएर, शुल्क बढाएर भ्रष्टाचार बढाएर थुतुनोको करामत हेरिरहेका छन् ।

*१३ साउन २०७५*

*kailubraha73@gmail.com*

# जातीय बाहुल्यताका हिसाबले ३ नं. प्रदेश नेवा-ताम्सालिङ किन हुन सक्दैन ?



पवनमान श्रेष्ठ

***पछिल्लो चरणमा आएर प्रदेशहरूले नामाकरण पहिचानको आधारमा गरिएन। यसबारेमा तपाईको धारणा के छ ?***

वर्तमान संविधान बनाउँदादेखि नै पहिचानको मुद्दा छाडिसकिएको थियो। संविधानमा उनीहरूले 'संघीय' र 'संघीयता' भन्ने शब्दावलीको प्रयोग त गरे, तर सातवटा प्रदेशहरूको नामाकरण पहिचानविरोधी अर्थात् १ देखि ७ सम्मको राखे। पहिचानका कुरा छाडेर क्रमसंख्याका आधारमा प्रदेशहरू बनाइए।

पहिचानसहितको नामाकरण गरिने छ भनेर प्रचार पनि गरे। त्यसमा वास्तवमा हिचानका आधारमा प्रदेशहरूको नामाकरण नहोस् भन्ने मनशायले काम गरेका थियो।

पहिचान विरोधीहरूले गरेको हालको नामाकरण हेर्दा अनौठो पनि लाग्दैन किनकि उनीहरूको मनशाय नै त्यही थियो। एमाले, माओवादी र कांग्रेस सबै पहिचान विरोधी थिए र हुन् पनि। हालको केन्द्रदेखि स्थानीय सरकारसम्म उनीहरू नै छन्। पहिचान विरोधीहरूबाट पहिचानको अपेक्षा गर्नु उचित पनि थिएन।

तर पनि जनताको पहिचानप्रतिको उत्कट चाहना, इच्छा र भावना विपरीतको निर्णय हालका प्रदेश सरकारहरूले गरेका र गर्दै गइरहेका पनि छन्। पहिलो संविधानसभाताका पहिचानको कुरा सशक्त रूपमा उठेको थियो। त्यतिबेला भएको भए जनताको पहिचान प्रतिको चाहना शायद पूरा हुनसक्ने थियो।

यसरी आज आएर जनताका इच्छा र चाहनाविपरीत जानु प्रतिगामी कदम नै हो। यो कदमको देशव्यापी विरोध गरिनुपर्छ र जनतालाई संघर्षमा उतार्नु पर्छ।

***२.सत्तापक्ष र प्रतिपक्ष पनि पहिचानविरोधी भएकाले यसो हुने संभावना बढेर गयो भन्न खोज्नु भएको हो ?***

मुख्य कुरा त त्यही नै हो। सत्तापक्ष र प्रतिपक्ष पनि एकै खाले जनविरोधी प्रवृत्तिका भएकाले यसो हुन जानु स्वभाविकै हो। पहिचानदेखि डराउनेहरूबाट पहिचानका कुरा पूरा हुन पनि सक्दैनथ्यो। हाल पहिचानमा नभएकाहरू पहिचानसहित अघिल्तिर आउने र हाल सत्ताका वरिपरि रहेकाहरू ओझेल पर्न सक्ने भएपछि पनि उनीहरू डराएका हुन सक्छन्। यो चिन्ताग्रस्त सोंचले उनीहरूलाई बाटो नै दिएन। तर उनीहरूले बुझ्न सक्नु पर्दथ्यो कि पहिचानको माग भनेको अरु कसैको पहिचान सिध्याउनका लागि होइन।

यही भयबाट ग्रसितहरूले पहिचानको नारा त मागलाई साम्प्रदायिकसम्म देख्न पुगे। जातियता र क्षेत्रियता पनि देख्न पुगे। तिनीहरूले देश विखण्डन हुने कुरा पनि गर्न पुगे। तर सोचनीय कुरा के हो भने पहिचान भूगोलका लागि चाहिएको होइन। पहिचान चाहिएको जनतालाई हो। यो पहिचान मेटाउने काम भइरहेको छ।

***पहिचानका मुद्दाहरू कार्यान्वयन गर्न जनता र पहिचानका पक्षधर पार्टीहरूबीच कहाँनेर कमी कमजोरीहरू रहे ?***

पहिलो संविधानसभा बनेका बेला जनजातिहरूको पहिचान स्थापित गरी संघीयतामा जान साझा संगठन 'ककस' पन गठन गरिएको थियो। त्यहाँ गम्भीरताका साथ छलफल र बहस चलिरहेका थियो। शायद पहिलो, संविधानसभा बिघटन नगरिएको भए पहिचानका मुद्दाहरू स्थापित हुन थिए। र, प्रदेशहरूको नामाकरण पहिचानका आधारमा हुने थियो।

दोस्रो, कुरा पहिलो संविधानसभामा जनयुद्ध गरेर पहिचानका मुद्दाहरूसहित संविधानसभा र सरकारमा माओवादी आएको थियो। पछि मधेश आन्दोलन पनि थपिएको थियो, पहिचानको सिलसिलामा। त्यतिबेला पहिचानका पक्षधरहरूको बहुमत थियो। यसैलाई मध्यनजर गरेर देशी विदेशी प्रतिक्रियावादीहरूले पहिलो संविधानसभा बिघटन गरिदिए।

तर दोस्रो संविधानसभाको निर्वाचनका नाममा पहिचानका पक्षधरहरूलाई हराइयो, किनारा लगाइयो। त्यसपछि योजनाबद्धतामा पहिचानविरुद्धमा थप कदमहरू अघि बढे। तर विडम्बना के भयो भने यो षड्यन्त्रका विरुद्ध संघर्षका सचेत कार्यक्रमहरू अघि बढाउन सकिएन। सचेत हस्तक्षेपलाई अघि लान नै सकिएन। यो ठूलो कमजोरीका रूपमा रह्यो। आउँदै गर्दा त अहिले पहिचानको मुद्दा धेरै पछि पर्न गयो। यस्तो भएको सदाका लागि त होइन, तर पहिचानका मुद्दाहरू केही समयपछि भने अवश्यै धकेलिए।

***देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले तीनवटै तहको निर्वाचन उपयोग गर्‍यो। त्यतिबेला पहिचानको मुद्दा जनताका बीचमा लैजान सकिए कि जनताले नै त्यो चाहना राखेनन् ?***

देशभक्त जनगणतान्त्रिक मोर्चा गठन गरेको धेरै पनि भएको छैन। एकै पटक चुनावमा भाग लिन जाँदा जनताले चिनेनन् पनि। चाहिको कुरा बझाउनेसम्म पनि भएन। यसले अन्यौलता ल्यायो।

स्थानीय चुनावमा स्वतन्त्र रूपमा उपयोग गरियो, तर प्रदेश र केन्द्रीय चुनावमा भने देशभक्त जनगणतान्त्रिक मोर्चा दर्ता गरेर गयौं। चुनाव चिन्ह पनि स्थापित नभएको र एजेण्डाहरू पनि स्थापित भइ नसकेकाले केही समस्या त अवश्य नै भए पनि। त्यसकारणले भने जस्तो परिणाम पनि आउन सकेन र जनता जागृत पनि पार्न सकिएन।

पार्टीको पटकपटकको टुटफुट र बिभाजनले पनि जनतामा को सही र को गलत भन्ने कुरा छुट्याउन गाह्रो भयो। पार्टी र मोर्चाको हस्क्षेपकारी भूमिका नै पुगेन। विषयवस्तु उठान गरे पनि समय पुगेन र छायाँमा पर्न गयो।

अर्को कुरा, अहिलेको चुनाव भनेको सत्ता, शक्ति, पैसा, पद, प्रतिष्ठा, धम्की, त्रास, भोज, भतेरको रूपमा देखा पर्‍यो। यसका अगाडि विचार, एजेण्डा र जनताका स्वार्थका कुरा ओझेलमा परे। हामीले पहिचानका कुरा उठाउँदा उठाउँदै पनि पछि पर्न गयौं। यसलाई अघि बढाउन सकिएन।

***वर्गीय मुक्ति आन्दोलनसँगै उठ्ने गरेका पहिचानका कुरा वर्गीय आन्दोलन ओझेलमा परेपछि सेलाउन पुगेका देखिन्छन्। कसरी अगाडि बढाउन सकिएला ?***

पहिचानका मुद्दा, जातिय, क्षेत्रीय, लिंगीय आन्दोलनहरू नेपालजस्ता देशका सन्दर्भमा वर्गीय आन्दोलनकै रूपहरू हुन्। भिन्दै जातीय, भिन्दै लिंगीय र भिन्दै क्षेत्रीय आन्दोलनहरू उठाएर मुक्ति पाउने भन्ने कुरा संभव नै छैन। यी सबै वर्गीय आन्दोलनसँगै जोडिएका छन्। मूल रूपमा यी कुराहरूलाई वर्गीय आन्दोलनसँग जोड्न नसक्दा समस्या पैदा हुन जान्छन्।

संगठन र राजनीति, विचार, भावना आदि सबै क्षेत्रबाट क्रान्तिकारी पार्टीले साथै लिएर हस्तक्षेप गर्न नसक्दा वर्गीय आन्दोलनमाथि उठाउन पनि सकिदैन। क्रान्तिकारी पार्टी यस अर्थमा नेतृत्वको भूमिकामा माथि उठेर जाति, क्षेत्र, वर्ग, भाषा, लिंग आदिलाई लिएर जान सक्नु पर्दछ।

यसबाट मात्र जनता आकर्षित हुन सक्दछन्। पार्टीको भूमिका र हस्तक्षेप पनि पुग्दछ र वास्तविक उत्पीडित, तह, तप्का र वर्गले मुक्ति पनि प्राप्त गर्दछन्। क्रान्तिकारी पार्टीहरूले यसै कुरालाई ख्याल पुर्‍याउनु पर्दछ। नेकपा (क्रान्तिकारी माओवादी) पार्टी यस कुरामा सतर्क छ। अब उठ्ने आन्दोलनलाई एक विसाल आनदोलनका रूपमा विकसित गर्न सक्नु पर्दछ।

***सरकाबाट पहिचानका मुद्दा पछाडि पारियो। केही गरी अगाडि बढाउन सकिने संभावना छ ?***

यो सरकार पहिचानविरोधी छ। वर्तमान संविधान नै यसले पहिचानविरोधी बनाएको छ। पहिलो संविधानसभा यिनीहरूले नै बिघटन गरेका थिए। विदेशी प्रतिक्रियावादीहरूसँग यिनीहरूको साँठगाँठ छ। हाल विदेशी प्रतिक्रियावादी र स्वदेशी जनविरोधीहरू बलिया भएका छन्। यो बेला पहिचानका मुद्दाहरू त यिनीहरूले कार्यान्वयन गर्ने कुरा नै भएन।

यस्तो अवस्थामा जनतालाई सचेत बनाएर अघि बढाउनु पर्छ। जनविरोधीहरूलाई झुकाउने भनेको जनताकै शक्ति सशक्त बनाएर हो। देजमोको तर्फबाट हामी यी मुद्दाहरूलाई अघि बढाउँछौं।

***पहिचानका मुद्दा स्थापित हुन नसक्नुका पछाडिका कारणहरू के के छन् ?***

पहिचानका मुद्दाहरू वास्तवमा पुँजीवादले पछिल्लो चरणमा आफूलाई अनुकुल स्थितिमा पुर्‍याउनका लागि स्थापना गरेका मुद्दाहरू हुन्। नेपालमा पुँजीवाद नै आएको छैन। हालको सरकार र सत्ता दलाल पुँजीवादी प्रकृतिको छ। जनवादी क्रान्ति त पूरा भएको नै छैन।

दोस्रो कुरा, यहाँका शासक पहिचान र उत्पीडित वर्गविरोधी छन्। उनीहरू वर्तमान सत्तामा आफ्नो हालीमुहाली कम गर्न चाहँदैनन्।

तेस्रो कुरा, आफूहरूलाई प्रगतिशील, परिवर्तनकारी र वामपन्थी भन्नेहरूले पनि यो मुद्दालाई परम्परावादी र रुढीवादी तरिकाले हेर्छन्।

चौथो कुरा, क्रान्तिकारीहरू निकै नै कमजोर अवस्थामा छन्। यसले नेपालको

...बाँकी ७ पेजमा

# जेलमा हामीलाई 'उड्ने मान्छे' भन्ने भ्रम रहेछ, हामी हिंड्दा छोप्नका लागि भनेर नाइकेहरू हाम्रो पछिपछि लाग्थे



पूर्णबहादुर खड्का

***जीवनको उर्वर समय १० वर्षको जेल जीवनमा बिताउनुभयो। फर्केर हेर्दा कस्तो लाग्छ ?***

नेपाली क्रान्तिले धक्का खाँदा नेपाली समाज र जनतालाई दुःखित बनाएको छ। तर व्यक्तिगत रूपमा म आफू भने निरास भएको छैन। शायद यी सबै क्रान्ति र क्रान्तिकारी प्रक्रियामा अनिवार्य सर्तहरूमा पर्दछन् जस्तो लाग्दछ। क्रान्ति थाल्नासाथ क्रान्ति सफल हुन्छ भन्ने होइन। यो तीन महिने तरकारी खेती र ६ महिने अन्नवाली लगाएजस्तो पनि होइन।

हामीले वर्गीय र क्रान्तिकारी सपना देखेका थियौं र छौं। यो कष्टसाध्य बाटोबाट मात्र सम्भव छ। वर्गको मुक्ति नभएसम्म यो रहि रहन्छ। यो प्रक्रियामा जित, हार, उतार, चढाव आउन सक्छ। सुख दुःख, हाँसो र आँसु त एक सिक्काका दुई पाटा जस्तै हुन्। तर म निराश कहिल्यै पनि भएन।

यी सबै कुरा भनेका हामी क्रान्तिमा लाग्नुका उपजहरू हुन्। बाध्यताका उपजहरू पनि हुन्। मुक्ति या मृत्यु भनेर हिँडेपछिका स्वाभाविक परिणामहरू हुन्। हातमा हत्कडी र खुट्टामा नेल स्वाभाविकै हो। यी कुराले मलाई निराश पारेनन्।

***त्यसो भए जेलजीवन भनेको मेरो भागमा परेको एक अनिवार्य लडाइँको मोर्चा नै हो भन्ने लाग्यो तपाईलाई ?***

एकदमै। जनयुद्ध सुरु गर्दा कि मुक्ति कि मृत्यु भनेर गरेका थियौं। जेल मेरो लडाइँको मार्चामा पर्न गयो। हाम्रा हिम्मतवार पूर्वजहरू मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओहरूले जेलबारेमा के भने र के कस्तो यातना पाए त्यो थाहा पाएनौ पनि। तर हामी भने आफ्नै नेपाली विशिष्टतामा नेपालका जेलनेल भोग्यौं।

जेल जाँदा जेलभित्र छुट्टै संसार छुट्टै देश र छुट्टै शासन प्रशासन भएको देख्यौ। त्यहाँभित्र त मारपिट चलिरहन्छ। कसैले कसैलाई मारेर एउटा कागजमा सही गराइदिए पुग्छ। जेल यति डरलाग्दो रहेछ नेपालको। सुन्दै र देख्दै कहाली लागेर आउँछ। हामीहरू बन्दी बीचमा रहँदा जेलभित्रका सुधारका आन्दोलनहरू वारम्वार चलाइरह्यौं पनि। यी आन्दोलनहरूमा जेलभित्र बन्दीहरूलाई दिइने सिदाचामल तरकारीका लागि दिइने दामपैसा आदिको सुधारका लागि अनसन र आन्दोलन गर्‍यौं। सुधार भयो पनि। जेलभित्रका बन्दीहरूले भन्ने पनि गर्दथे- माओवादी बन्दीहरू आएपछि जेलमा प्रजातन्त्र आयो।

जेलमा मानिसहरूलाई रूपान्तरण गर्ने थलोका रूपमा विकास गर्नुपर्छ भन्ने हाम्रो धारणा रहिआयो। हामीले बन्दीहरूलाई अझैं अपराधी बनाउने थलोका रूपमा सरकारले वातावरण सिर्जना गरेको देख्यौं। हामी सुधार गृहका रूपमा लैजान चाहन्थ्यौ। पहिले माओवादी भनेका अपराधी हुन् भन्ने सोचेका कैदी बन्दीहरूले पछिआएर मात्र यी त जनताका लागि लडेका रहेछन् भन्ने अनुभूति गरे। देश र जनताप्रति निष्ठावान रहेछन् भन्ने थाह पाए।

***जेलमा आफूले भोगेका अनुभवहरू बताइदिनोस् न।***

सुरुमा त हामीहरूलाई खन्य बन्दीहरूसँग बोल्न र कुरा गर्न पनि दिइएन। एकआपसमा बोल्न निषेध गरिएको थियो। तर हामीहरू मान्छे नै त थियौं। जेलमा राखिएका पशुहरू त थिएनौ। हामीहरूलाई बन्दीहरूबाट अलग्याउन त चाहे, तर हाम्रा मुखहरू बन्द गर्न कहिले पनि सकेनन्। हामीले जेलभित्रको वातावरणको सापेक्षतामा काम गर्न थाल्यौं। बोल्न दिंदैनथे, बन्दीहरूलाई बोल्न बोलाउन थाल्यौं।

हामीहरू त्यहाँभित्र बनाइएका नाइके भाइनाइकेहरूसँग कुराकानी गर्न थाल्यौं। बन्दीहरूसँग राम्रो व्यवहार गर्न थाल्यौं। माल्छे न हुन्। हामीसँग बोलेर कुराकानी गरे। आकर्षित भए। हेलमेल भयो। यो कुरामा कसले रोक्ने ?

***कसरी हेर्दा रहेछन् माओवादी भनेपछि ?***

सुरुमा जेल लैजाँदा 'उड्ने मान्छेहरू' भनेका रहेछन्। भद्रगोल जेलमा रहँदा यो कुरा थाह पायौं। हामी जेलको आँगनमा हिँड्दा जेल प्रशासनका मानिसहरू हाम्रा पछि लागेको लाग्यै गर्दथे। किन होला भनेको त कतै हामी भूर्र उड्न थालेछौं भने च्याप्प खुट्टाबाट समातिहाल्ने भनेर त्यसो गरेका रहेछन्। पछिमात्र थाह भयो।

जेलभित्र देशको राज्य प्रशासनबाहेक नाइके, भाइनाइकेहरूको छुट्टै प्रशासन चलेको हुन्छ। बन्दीहरूबीचमा अन्तरविरोध ल्याउने, फुटाएर बन्दीहरूमाथि शासन चलाउने, उनीहरूको मनशाय देखिन्छ। नाइके, भाइ नाइके भएर सरकार र सरकारी प्रशासनलाई सघाए वापत् उनीहरूको कैद माफी मिनाह गरिइन्छ। त्यसैले नाइके र भाइ नाइकेहरू अलि जण्ड र क्रुर स्वभावका पनि देखिन्छन्।

हामीहरूसँग नबोल्न र कुरा पनि नगर्न सबै बन्दीहरूमाथि प्रतिबन्ध नै लगाइएको थियो। मानव मानवबीचको विभेद, त्यहाँ त व्यवहारमा नै देख्न सकिन्थ्यो। शासक र शासित बीचको अत्याचारी र क्रुर व्यवस्था त्यहाँभित्र देख्न सकिन्थ्यो। तर पनि हामीभित्र आशाका ज्योतिहरू थिए।

जेलभित्र जाँदा नाइके र भाइ नाइकेहरूले निकै यातना दिए पनि। तर पछि राम्रो सम्बन्ध भएपछि उनीहरूले हामीलाई 'के सेवा गरौं' भनी सोध्ने पनि गर्दथे। मान्छे हो रूपान्तरण हुँदा रहेछन्। उनीहरू साच्चिकै केही हदसम्म रूपान्तरण भए पनि। पछि त आस्था र गैरआस्थाका बन्दीहरूबीच सौहार्द्रपूर्ण सहकार्य र मेलजोल नै भयो।

***जेलभित्र आफू र सबैका भलाइका लागि गरिएका कामहरू बताइदिनोस् न ?***

बन्दीहरूलाई खानका लागि राम्रो चामल पनि दिँदैनथ्यो। ढुंगा मिसिएका र म्याद गुज्रिएका चामल दिने गरेको थियो। दिनभर केलाएर पनि खान नबन्ने चामल हुन्थ्यो। पानीको व्यवस्था पनि राम्रो थिएन। बन्दीलाई दिने सिदाचामल हामीले गरेका माग र आन्दोलन तथा अनसनपछि सुधार गरियो। अलि केही राम्रो चामल दिन थाल्यो। नुहाउनका लागि र कपडा धुनका लागि पानी पनि प्रत्येक दिन दिन थाल्यो। यसका लागि धेरै कुटाइपिटाइ र यातना खेप्नु पर्‍यो।

तरकारी सागपात खान दामपैसा पनि थोरै भएपनि बढायो। पढ्न पनि पाइँदैन थ्यो। पढ्ने व्यवस्था पनि मिलायो। पत्रपत्रिका र पुस्तक जेलभित्र पनि पढ्न पाइयो।

बिरामी बन्दीहरू औषधि नपाएर मर्ने अवस्था थियो। बन्दीहरू मार्नका लागि जेल ल्याइएकाले किन औषधिउपचार गर्ने भन्ने राणाकालीन मान्यता अझैं पनि कायम थियो। पछि उपचारका लागि अस्पताल जान र औषधि किनेर खान पाइने भयो। यत्ति माग पूरा गराउन पनि कति लात र कति बात खानु पर्‍यो। त्यसको लेखाजोखा नै रहेन।

बन्दीको रासनबाट पैसा बचाएर खाने गरेका नाइके, भाइनाइकेहरूले त्यो रकम खान बन्द गरे। जेलरले जेलबाट खाने रकम रोकियो। यसका लागि पनि कम संघर्ष गर्नु परेन। जेलभित्रका बन्दी शोषण गर्ने विधि र संस्कारको अन्त्य गर्‍यौं।

अशक्त बिरामीका लागि उपचार लैजाने व्यवस्था मिलायौं। तर अहिले जेलमा क्रान्तिकारीहरू छैनन्। शायद जेल पुरानै स्थितिमा फर्कियो होला।

***६. जेलभित्र र बाहिरका संघर्षका स्वरूपहरूमा कति फरक पाउनु भयो ?***

धेरै भिन्नता छ। वस्तुगत र आत्मगत परिस्थिति पनि भित्री र बाहिरी सापेक्षतामा फरक पर्छ। तर पनि देश ठूलो जेल हो र जेल आफैमा सानो जेल हो। मान्छेले मान्छेमाथि गर्ने शोषणदमन देशभित्र र जेलभित्र दुवै ठाउँमा छ। जेलभित्रको संसार निकै सानो छ, त्यहाँ तुरन्त मारपिट हुन सक्छ। त्यहाँ भिन्न कानुनी वैधानिक लडाइँ लड्नु पर्छ। प्रत्येक माग बहस, छलफल र कुराकानी गरेर मात्र किनारा लगाउनु पर्छ। सानो बहस पनि जेल प्रशासनका लागि सैह्य हुँदैन। क्रुर दमनमा उत्रन्छ। जेलले त राणाकाल पनि बिर्साउँछ।

साँघुरो घेराभित्र नैतिक रूपमा उनीहरूलाई हराउनु पर्दछ। उनीहरू हार्दथे पनि। प्रतिरोध र भण्डाफोर नै संघर्षका स्वरूपहरू थिए, जेलभित्र। उनीहरू गलत भएकाले नैतिकताको विषय उठाउने बित्तिकै नैतिक रूपमा लत्रन पुग्दथे। नैतिक पराजय नै उनीहरूको ठूलो पराजय थियो। नैतिक विजय नै हाम्रो ठूलो विजय थियो। हाम्रो उद्देश्य रूपान्तरण गर्नु थियो। बदला लिनु वा सिध्याउनु थिएन।

***७. जेलभित्र बस्दाको आदर्श र जेल बाहिर आउँदाको यथार्थता बीचमा के फरक पाउनु भयो ?***

जेलभित्रको आदर्श र जेल बाहिरको यथार्थताबीच केही फरक त पाइयो। जेल साच्चिकै विचार र आदर्शको ठाउँ रहेको पाइयो। हामी कत्ति पनि बिचलित भएनौं। जेलभित्रका हाम्रा विरोधीहरूले यातना, दुःख, सास्ती जे दिए त्यो हाम्रालागि सैह्य भए। एक दिन त मरेर पनि गइन्छ, के भो र भन्ने लाग्यो।

तर जेल बाहिर आउँदा त्यो आदर्श भिन्दै पायौं। हामीले ८० प्रतिशत भूगोल कब्जा गरेको, राजधानी र सदरमुकाममा तबाहतबाह स्थिति पेदा गरेको सुनेका र पढेका थियौं। तर बाहिर आउँदा त्यो यथार्थता बोध गर्न पाइएन।

संघर्षले उचाइ ग्रहण गर्दै जाने,

...बाँकी ७ पेजमा

# बुल्डोजर प्रकोप र यसका तात्कालिक र दीर्घकालीन असर

काठमाडौं । नेपालका संघीय, प्रादेशिक र स्थानीय तहका सरकारका प्रमुख तथा मन्त्रीहरू, सभासद तथा निर्वाचित पदाधिकारीहरू र तिनका आफन्तहरू धेरै जसो बुल्डोजरका मालिक छन् । देशमा आज कुनाकुना र वनजंगल तथा भीरपखेराहरू यी डोजर प्रयोग गरेर छियाछिया पारिएका छन् ।

जनतालाई यही हो विकास भनेको भन्ने पनि लागिरहेको छ । तर उनीहरूलाई यसले पर्ने र पारिरहेको असरबारे केही पनि थाहपत्तोसम्म छैन । उनीहरू खुशी छन् र भन्ने गरका छन् मेरो गाउँमा बाटो गयो । मेरो जग्गा अब घरघडेरीमा बिक्रि हुन्छ ।



नेपालमा विकास भएन र यो अविकसित देश नै रहिराख्यो भनेर गरिने टीकाटिप्पणी आजसम्म पनि बाक्लै छ । त्यसैले पनि यो विना नापजाँप र विना भौगर्भिक सर्वे निर्माण गरिएका यी बाटाघाटाहरूले जनतालाई क्षणिक सन्तोष दिलाएको छ । तर अब विस्तारै विस्तारै यसको पनि लेखाजोखा हुँदै गएको छ ।

पहिरो : अहिलेको वर्षामा पहिरोले निकै ठूलो क्षति पुर्‍यायो । जनधनको क्षति पनि हुन गयो । गाउँमा न त खनिएका बाटाघाटा राम्रा भए, न त वनजंगल र भूमिको नै सुरक्षा भयो । डोजर प्रकोपको शायद यो नै पहिलो परिणाम हो ।

नदी कटान : नदीले यो वर्ष निकै गहिरो गरी वरपरका छेउँछाउँ र भूमि कटान गरेको छ । बगेको बाक्लो माटो गिट्टीको लेदो र ढुंगामूढाका कारण यो कटान सदाको भन्दा निकै हानीकारक बनेको छ । नदीको छेउँमा रहेका जरुवा पानी, ताल तलैया, खेतबारी आदि कटान भएका छन् ।

डुबान : पहाडी तथा हिमाली बेल्टमा भएको असिमित भूक्षयका कारण यो वर्ष बाढी बहँदा पानीको भन्दा पनि माटो र बालुवाको मात्रा निकै बढी बहेको देखिएको छ । यसले उपल्लो तटिय अर्थात् हिमाली र पहाडी बेल्टलाई पनि उत्तिकै क्षति त पुर्‍याएको छ नै, त्यो भन्दा पनि तल्लो तटीय अर्थात् तराइमा माटोको मात्रा अत्यधिक थुपार्न पुगेर डुवानको ठूलो समस्या पैदा गरेको छ ।

बस्ती पुरिनु : नदीका वरपर रहेका ससाना बस्तीहरू पुरिन थालेका छन् । खेत तथा खेतीयोग्य जमीन पनि पुरिन गएका छन् । यसले बसाइसराइ तथा मानवीय समस्याहरू उत्पन्न गरेको पनि छ ।

खानेपानीको समस्या : अनावश्यक ठाउँहरूमा, मूलको माथि र मूल भएका ठाउँहरूमा, खोला नदी बगेका ठाउँहरूमा, सीमसार क्षेत्रहरूमा जथाभावी बाटो खन्दै जाँदा पानीका मूलहरू सुक्न थालेका छन् । स्थानीय क्षेत्रहरूमा त कति सम्म पनि भएको छ भने अब पानी अभावका कारण बस्तीहरू सर्न पनि थालेका छन् ।

उर्वरभूमि पुरिनु : ढुंगा, गिट्टी, बालुवा र माटोले पहाडी, हिमाली, भित्री मधेश तथा तराइका उर्वर भूमिहरू पुरिइरहेका छन् । यसले नेपालमा खाद्यान्नको ठूलो संकट निम्त्याउन गइरहेको छ । पहाडी बेल्टमा यो समस्या टड्कारो देखा परेको छ ।

नदीनाला सुके : डोजरले निम्त्याएको अर्को प्रकोप हो, नदीनाला भासिदै र सुक्दै जानु । नेपालका ससाना नदीनालाहरू भासिदै र सुक्दै जान थालेका छन् । ठूला ढुंगा, गेगर, बालुवा, गिट्टी र माटोले नदीहरू भासिदै र सुक्दै गएका हुन्

जंगल बिनास : ठूलो र आम रूपमा भएको डोजर प्रकोपको असर भनेको जंगल विनास नै हो । देशको लगभग ३ देखि ५ प्रतिशत जंगल बाटोघाटो निर्माण गर्दा विनास हुन पुगेको छ । यो भनेको वातावरणीय, भूक्षय र मानिसलाई अत्यावश्यक पर्ने अक्सिजन तथा प्राकृतिक सन्तुलनका हिसाबले ठूलो र अपूरणीय क्षति हो ।

बसाइसराइ : माथिका यी सबै परिणामले नेपाली समाजमा अब हुन सक्ने मानव बसाइसराइको विभत्स चित्र उजागर गर्दछन् । अबको छोटो समयमा बसाइसराइको विपत्ति यसले निम्त्याउने देखन्छ ।

# भूकम्प पीडितको आवास नबन्नुमा निर्देशक समितिको अनियमितता

काठमाडौं । हालसम्म पनि भूकम्प पीडितका लागि थालिएको काम १० प्रतिशतसम्म पूरा भएको छैन । जनता भन्छन्, सरकारले काम सिध्याउने वातावरण नै निर्माण गर्न सकेन । यसका कार्यालयहरूमा धाउँदा धाउँदै दिनहरू बिते । उनीहरू थप्छन्, विज्ञहरू र खटाइएका प्राविधिकहरू नै गाउँमा नआएर काम ढिला भयो ।

तर सरकारका मानिसहरू त्यो कुरा स्वीकार्न तयार नै देखिदैनन् । उनीहरूको आरोप जनतातिर फर्किएको छ । भूकम्प पीडितहरूले नै आफ्ना घरहरू बनाउन र छिटोछरितो गरी काम गर्न ध्यान दिएनन् । ती पीडितहरूका कारणले काममा ढिलाई हुन गयो ।

कामको द्रुतताका लागि प्रधामन्त्रीको नेतृत्वमा यसको निर्देशक समिति बनेको छ । यो आफ्ना मान्छेहरू भर्ति गर्ने र कार्यकर्ता पाल्ने निर्देशक समितिको रूपमा अघि बढेको छ । सबैलाई करारमा नियुक्त गर्ने र तीनतीन वा छछ महिनामा म्याद थपिरहने गरिहेको छ । यो म्यादी जागीरले समय मात्रै विताइदिने भन्ने पनि प्राविधिकहरूलाई लागेको देखिन्छ ।

त्यसैले चाहिएको जति जनशक्ति पनि छैन । भएको पनि जाँगर लगाएर काम गरिरहेको छैन । यो असार मसान्तसम्म दोस्रो किस्ता सिध्याइ सक्नुपर्ने र पौषसम्म तेस्रो वा अन्तिम किस्ता पनि लिइसक्नुपर्ने । तर काम भएको छैन ।

यो आर्थिक वर्षमा मात्रै ५० हजार डकर्मीको आवश्यकता छ । ७ लाख घरहरू निर्माण गरिसक्नु पर्ने छ । हाल मात्र २ लाख २२ हजार घरहरू निर्माण गरिसकिएका छन् । बाँकी ५ लाख घरहरू त निर्माण गर्न नै बाँकी छन् ।

यो समयको बीचमा उताचढाव निकै छ । कसैले पहिलो किस्ता नै पाएका छैनन् । कसैले घर नै नबनाएर दोस्रो किस्ता सम्म पाइसकेका छन् । गाइजात्रा छ व्यवहारमा ।

कतिपय त प्रविधिकहरू पनि अनभिज्ञ छन् काममा । सबै भन्दा ठूलो कुरा त प्रधानमन्त्रीको नेतृत्वमा रहेको निर्देशक समिति निकै भ्रष्ट र अनियमित रहेको छ ।

# तत्काल महिलामैत्री श्रम सम्झौता जरूरी



काठमाडौं । बुधवार नयाँ दिल्लीको एक साँगुरो गल्लीभित्र रहेको एक घरमा छापा मारेर १६ जना नेपाली महिलाहरूको उद्धार गरियो । उनीहरू १६ देखि २२ वर्ष उमेरका थिए । उनीहरूलाई दिल्लीको एयरपोर्टबाट अफ्रिकी वा खाडी देशहरूमा पठाइँदै थियो । उद्धार गरिएका भनिएका उनीहरू रोजगारीको सिलसिलामा दलालहरूमार्फत् त्यहाँ पुगेका थिए ।

माइती नेपाल, नेपाल प्रहरी र भारतीय प्रहरीको संयुक्त सहभागितामा यो उद्धार कार्य सफलतापूर्वक गरिएको थियो । भारतीय प्रहरीसँग सम्पर्क गरेर त्यहाँ छापामार्न पुगेका नेपाली प्रहरीहरूले भने सफलता पाउन सकेनन् । उनीहरू त्यहाँ पुग्नु भन्दा पहिल्यै ती नेपाली महिलाहरूलाई अन्यत्रै सारिसकिएको थियो । यसै गरी केही दिनअघि मात्र अफ्रिकी देश केन्याका डान्सबारहरूमा पुगेका नेपाली चेलीहरूलाई त्यहाँको प्रहरीले छापामारी नेपाल फिर्ता गरिदिएको थियो ।

यी सबै श्रृङ्खलाहरू जोडेर हेरियो भने तत्काल यो समस्या समाधानका लागि पुरुषसरह महिलामैत्री श्रमसम्झौताको आवश्यकता देखिन्छ । यसो भएछ भने बेचिने, बेपत्ता पारिने, हिंसामा ज्यान जाने, बधुँवा मजदुरीमा लाग्न बाध्य हुने र घर फर्कने वैधानिक र कानुनी हैसियत गुमाउने जस्ता समस्याबाट नेपाली महिलाहरूले छुटकारा पाउने छन् ।

तर दीर्घकलीन हिसाबले देशभित्रै महिला स्वरोजगारका कार्यक्रमहरूको विकास गरिनु अति जरुरी छ । देशको कूल गार्हस्थ उत्पादनको ८० प्रतिशत हिस्सामा जोडिएका महिला नै आर्थिक विवशताका कारण घर छाडेर विदेशिन थालेपछि नेपाल कङ्गालीकरण हुने निश्चित छ ।

विदेशिएका नेपाली महिलाहरूको हातमा सीप छैन, तिनीहरू तालीम प्राप्त पनि छैनन् । कतिपयले त नेपालभन्दा बाहिरको संसार के हो र कस्तो छ भन्ने थाहपत्तोसम्म पाएका पनि छैनन् । बाहिरी संसारका बारेमा सामान्य जानकारी पनि नभएपछि उनीहरू त्यहाँ पुगेर कसरी घुलमिल हुने मनोवैज्ञानिक तयारीमा रहलान् ?

यस्तो निर्दोषिता, अबोलापन, अनभिज्ञता, अनजानपन र निरीहताको परिस्थितिको फाइदा उठाएर विदेशमा रोजगारदाताहरूले कसरी श्रम शोषण र अन्याय तथा अत्याचार गरिहेका होलान् ? यसको गाम्भीर्यता सम्बन्धित पक्षहरूलाई विना ढिलाई बोध हुनु जरुरी छ ।

# अखिल (क्रान्तिकारी)ले चितवन महानगरपालिकामा बुझायो ३७ बुँदे ज्ञापन पत्र

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) को विध्यार्थी संगठन अखिल (क्रान्तिकारी) चितवनले आइतबार भरतपुर नगरपालिकामा ज्ञापन पत्र बुझाएको छ ।



अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)ले भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल समक्ष ज्ञापन पत्र बुझाएको हो । शिक्षा, स्वास्थ्य लगागतका बिभिन्न ३७ बुँदे माग समेटिएको ज्ञापन पत्रमा शिक्षा क्षेत्रलाई राज्यको दायित्वभित्र राखिनुपर्ने, दोहोरो शिक्षा प्रणाली खारेज गर्नुपर्ने, शिक्षा क्षेत्रमा भईरहेको निजीकरण, व्यापारिकरण, माफियाकरण र विदेशिकरणको अन्त्य गर्नुपर्ने, अनिवार्य निःशुल्क र गुणस्तरीय शिक्षा हासिल गर्न पाउने शैक्षिक अधिकारको सुनिश्चित हुनुपर्ने लगागतका मागहरू समावेश गरिएको संगठनका जिल्ला अध्यक्ष कृष्ण सुनारले जानकारी दिए । संगठनका केन्द्रीय सचिवालय सदस्य अमृत चपाईको नेतृत्वमा गएको विध्यार्थी संगठनका नेताहरूको टोलीले उक्त ज्ञापन पत्र बुझाएको थियो ।

## सुकुना बहुमुखी कलेजमा अखिल (क्रान्तिकारी)को संगठन

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी) को विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)को मोरङको सुन्दर हरैचा स्थित सुकुना बहुमुखी कलेजमा संगठन निर्माण गरिएको छ । आइतबार भएको एक कार्यक्रमका बीच चन्द्र बहादुर श्रेष्ठको संयोजकत्वमा कलेज इकाई कमिटि गठन गरिएको हो । १३ सदस्यीय उक्त कमिटिका सदस्यहरूमा सोवित श्रेष्ठ, सुरज लिम्बु, आयुस लिम्बु, अमोश श्रेष्ठ, असिम भट्टराई, सिवान राई, समिर कार्कीलगायत रहेका छन् । उक्त कार्यक्रममा संगठनकी केन्द्रीय सचिव ज्ञानु खतिवडाको उपस्थिति रहेको थियो ।

**मेडिकल...**

हातमा सुम्पिइँदै छ । व्यापारीका हातमा मानिसहरूको ज्यानको किनबेच गरिनु पर्ने थप बिकराल अवस्थाको सिर्जना गरिइँदै छ । यस्तो किन ?

यो सबै मेडिकल माफियाको कारणले गर्दा हो । वाम भनिएको सरकार हरेक कुरा निजी व्यवसायीहरूलाई बेचेर जनतालाई सेवा दिने नाटक गरिरहेको छ ।

**उता मार्सीको भात, यता तामाङको बात्**

प्रधानमन्त्री र उनका साथी पुष्पकमल दाहालले एक मेडिकल खरिदकर्ताकहाँ गएर रातो, गुणिलो र पोषिलो मार्सी चामलको भात खाए । त्यो पनि रातमा सुटुक्क दुइजना मात्र गएर । खाएको भोलिपल्ट मार्सीको भात फेसबुकमा भाइरल बन्यो । ओलीले दुखेसो पोखे- मेरो यत्रो विरोध भएरहेको छ, कोही पनि चुँसम्म बोल्दैनन् ।

कानुन मन्त्री शेरबहादुर तामाङ कस्सिए । अनसन बसेका केसीको प्रसंग जोड्दै बंगलादेशमा मेडिकल शिक्षा पढ्न गएका नेपाली चेलीहरूले सर्टिफिकेटका लागि अस्मिता बेच्छन् भनेर भाषण नै दिए । उनको आखिरमा मन्त्री पद धरापमा पर्‍यो । उनी सरकारबाट फुत्त बाहिरिए । तर आश्चर्यको कुरा त केसम्म पनि भयो भने मार्सी भातले पखाला लाएन । बात्ले भने टिकिसाध्य नै भएन ।

# क्रान्तिकारी अटो मेकानिक्स श्रमिक मजदुर संघको ४ नं. इलाका भेला भव्य रूपमा सम्पन्न



काठमाडौं । अखिल नेपाल क्रान्तिकारी टेड युनियन महसंघको घटक संगठन अखिल नेपाल क्रान्तिकारी अटो मेकानिक्स श्रमिक मजदुर संघ इलाका नं ४ को शनिवार काठमाडौंको ज्ञानेश्वरमा आयोजित एक भेलाले विकास शाहीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको छ । गठित समितिका उपाध्यक्षमा श्रीकृष्ण श्रेष्ठ, सचिवमा लालबाबु शर्मा, कोषाध्यक्षमा प्रेम सुनुवार, सहसचिवमा विनोद खड्की, सल्लाहकारमा राजु मानन्धर तथा अरुण दासलाई चयन गरेको छ । त्यसै गरी समितिका सदस्यहरूमा विमल तामाङ, विजय श्रेष्ठ, जयराम शाह लगायतका रहेका छन् ।

नव गठित इलाका समितिले समिति चयन लगत्तै वैठक बसेर केही महत्वपूर्ण निर्णयहरू पनि लिएको छ । ती निर्णयहरूमा अहिलेको सरकारले गरेको स्वरोजगार व्यवसाय र मजदुरहरूका विषयमा गरेको निर्णय मजदुर विरोधी रहेको ठहर गर्दै उक्त निर्णय कार्यान्वयन नगरी बदर गर्न सरकारसँग जोडदार माग गर्ने र नमानेमा आन्दोलनमा जाने निर्णय गरेको छ । यसका साथै अटो मेकानिकल वर्कशपहरू रिङरोड बाहिर हटाउने भनी गरेको निर्णय आफैमा खेदजनक रहेको भन्दै उक्त निर्णय कार्यान्वयन नगर्न सरकारलाई चेतावनी पनि दिएको छ ।

नवराज दाहालले सञ्चालन गर्नुभएको उक्त भेलामा प्रमुख अतिथि कुमार घताने, विशेष अतिथि वैकुण्ठ घिमिरे र अन्य अतिथिहरूमा बुद्ध तामाङ, टंकराज गिरी रहेका थिए । भेला प्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# अनेराशिसं बर्दियाको संयोजकमा लक्ष्मीनारायण थारु



बर्दिया । अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनको बर्दियाको गुलरियामा भएको पहिलो भेलाले लक्ष्मीनारायण थारुको संयोजकत्वमा पाँच सदस्यीय वृहद् भेला आयोजक समिति निर्माण गरेको छ । भेला तयारीका लागि निर्माण गरिएको उक्त तयारी समितिले जिल्लाभर शिक्षकहरूका माझ संगठनको जालो फैलाउने र भव्य रूपमा शिक्षक संगठनको निर्माण गर्ने निर्णय पनि गरेको छ ।

कार्यक्रमका मुख्य अतिथि तथा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय समिति सदस्य तथा जिल्ला इञ्चार्ज क. शङ्कुलले नेपालको राजनीतिक, सामाजिक तथा शैक्षिक रूपान्तरणका लागि शिक्षकहरूले खेलेको भूमिकाको प्रशंसा गरेका थिए । उक्त भूमिका निर्वाह गर्दा शिक्षकहरूले भौतिक, नैतिक तथा मनोवैज्ञानिक योगदानहरू गर्दै आएको स्मरण गर्दै क. शङ्कुलले अबका दिनहरूमा पनि विगतका दिनहरूमा झैं नेपाली समाज रूपान्तरणका लागि थप योगदान दिन तयार रहनु पर्ने कुरामा जोड दिएका थिए ।

उनले अहिले पार्टी संगठन निर्माण तथा जनपरिचालनको एक अध्याय सफलताका साथ पूरा गरेर संगठन, संघर्ष र संगठन निर्माणको थप अभियानमा जुटिरहेको बताए । उनले पार्टी अब फेरि पनि वर्गयुद्धको तयारीमा अघि बढिरहेकाले संगठन निर्माण र परिचालनमा गुणात्मकता ल्याउनुपर्ने कुरामा जोड दिए ।

बर्दिया जिल्लाका पार्टी सेक्रेटरी क. लोकेशले शैक्षिक क्षेत्र सुधारका लागि शिक्षकहरूको भूमिका महत्वपूर्ण हुने भन्दै त्यसले सामाजिक, राजनीतिक तथा शैक्षिक आन्दोलनलाई साथसाथै माथि उठाउन सघाउ पुर्‍याउने बताए । उनले शिक्षक, अभिभावक र विद्यार्थी जनतासँग जोडिएका हुनाले परिवर्तनका लागि उनीहरूको भूमिका निकै महत्वपूर्ण हुने कुरामा पनि जोड दिए । सबै श्रमजीवी शिक्षकहरूलाई एक जुट हुन आह्वान गर्दै उनले परिवर्तनका लागि शिक्षकहरू अग्रपंक्तिमा आउनु पर्ने कुरामा जोड दिए । कार्यक्रममा शिक्षक तथा स्थानीय कार्यकर्ताहरूको पनि उपस्थिति थियो ।

## मोरङको रंगेलीमा आरवाइएलको इकाइ कमिटी गठन

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालले मोरङको रंगेलीमा इकाई कमिटि गठन गरेको छ । हालै सम्पन्न युवाहरूको भेलाले जंगबहादुर मुण्डाको संयोजकत्वमा १३ सदस्यीय इकाई कमिटि गठन गरेको हो । भेलाले अन्य सदस्यहरूमा ठेकदार चौधरी, दिल कुमार उराव, चन्द्र उराव, लक्कीराम सोरेल, सकलदीप मुडियारी, राजेश चौधरी, रविन प्रधान, धिरेन चौधरीलगायत रहेका छन् । भेलामा आरवाइएलकी नेतृ ज्ञानु खतिवडा लगायतको उपस्थिति रहेको थियो ।

## गुल्मीको सत्यवती गापामा देजमोको वडा कमिटी गठन

गुल्मी । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले गुल्मीको सत्यवती गा.पा.१ नं वडामा टिकाराम पाण्डेको अध्यक्षता याम थापा ईन्चार्ज रहेको १७ सदस्यीय वडा कमिटी गठन गरेको छ । मोर्चाको एक भेलाले उक्त कमिटिको उपाध्यक्षमा दिपक परियार, सचिवमा जीवन बिक, कोषाध्यक्षमा ललित कुँवर, सहसचिवमा मदन बिक र सदस्यहरूमा ज्ञानु श्रीस, लग कुँवर, दुर्गा बिक, कृष्ण पाण्डे, बिकास पाण्डे, जीवन परियार, रमेश परियार, खिम पाण्डे, अर्जुन बिक, महेन्द्र खत्री, राजु परियारलगायतलाई चयन गरिएको छ ।

१२ साउनमा सम्पन्न उक्त भेलाको सञ्चालन अर्जुन तरामुले गरेको थियो भने टिका राना र प्रगती रानाले नवगठित कमिटिलाई शुभकामना तथा प्रशिक्षण दिएका थिए ।

# इमरान खान सरकार गठनको तयारीमा



काठमाडौं । पाकिस्तानमा बुधबार सम्पन्न भएको निर्वाचनमा इमरान खानको दल पिटीआई सबैभन्दा ठूलो दलका रूपमा उदाएको छ । यसले सबैभन्दा धेरै ११४ सिट हात पारेको छ । मुस्लिम लिगले ६३ र पिपीपीले जम्मा ३९ स्थान प्राप्त गर्न सफल भएका छन् ।

भ्रष्टाचार अन्त्यको नारा दिएर निर्वाचनमा उत्रिएका खानको पार्टी बहुमत सन्निकट पुगेपछि पाकिस्तानी जनताले भ्रष्टाचारको आहालबाट मुक्ति चाहेको देखिन्छ । उनीहरूले कम्तिमा पनि खानको पार्टीलाई एउटा विकल्पका रूपमा देख्न पुगेका छन् । यो निर्वाचनले पुराना तथा रुढीबादी दलहरूलाई हटाइदिएको छ ।

विपक्षीहरू यो नतिजाबाट खुशी छैनन् । उनीहरूले निर्वाचनमा धाँधली भएको आरोप लगाउँदै संसदमा पनि सहभागी नहुने बताएका छन् । मुस्लिम लिग र पिपीपीले त पाकिस्तानी सेना स्वयम्ले निर्वाचनमा खानलाई प्रत्यक्ष रूपमा सघाएको बताएको छ ।

आफूले सरकार गठनका लागि बहुमत नपाए पनि अरु दल र स्वतन्त्र विजेताहरूसँग मिलेर सरकार गठनको अभ्यास थालेका छन् । सुविधाजनक बहुमतका उनले १३७ सिटमा विजय हासिल गर्नु पर्दथ्यो ।

निर्वाचनमा जितेर सरकार गठन गरेपछि भ्रष्टाचारको अन्त्यगर्ने, आतंकवादको अन्त्य गर्ने र भारतसँगको सम्बन्ध विस्तार गर्ने उनका एजेण्डाहरू थिए । त्यो कार्यान्वयनका लागि उनका अगाडि चुनौती पनि आइ लागेका छन् ।

# कङ्गोको इबोला भाइरसबाट नेपाल अछुतो हुन नसक्ने

काठमाडौं । कंगोमा फेरि पनि इबोला भाइरसले सन्त्रास फैलाएको छ । विश्वका स्वास्थ्य संगठनहरू र कंगोली सरकारले पनि अब इबोला भाइरस कंगोबाट उन्मूलन भएको र कंगोली तथा विश्वका जनता पनि त्यसबाट तर्सिनुपर्ने अवस्था नरहेको भनी आश्वस्त पारिरहेको बेला यो भाइरसले कंगोमा फेरि महामारीको रूप लिएको छ ।

सुरुमा चमेरो र बाँदरबाट सरेको भनिएको यो रोग नियन्त्रणमा आएको पनि थियो । तर अहिले यो पुनः देखा परेको छ ।

केही नेपालीहरू रोजगारीका सिलसिलामा कंगोमा रहेका पाइएका छन् । कंगोमा नेपाली सेना शान्ति मिसनका लागि रहने गरेको पनि छ । त्यसैले स्वास्थ्य विशेषज्ञका अनुसार नेपाल इबोला भाइरसबाट अछुतो हुन नसक्ने भनी चिन्ता व्यक्त गर्न थालिएको छ । इबोला भाइरस विरामीले गरेको बान्ता, पिसाब, यौनसम्पर्क तथा पसिनाबाट पनि सर्ने गर्दछ ।

# विदेशीले साइबरमार्फत् ठगिरहेका छन् नेपालीलाई

काठमाडौं । विदेशीहरूले साइवर मार्फत् नेपालीहरूलाई ठगी गरिरहेका छन् । नेपालीहरूको विदेश पलायन हुने र रातारात धेरै पैसा कमाउने धोकोले विदेशीहरूको यो ठगी धन्दालाई प्रत्यक्ष सहयोग पुर्‍याइरहेको छ ।

नेपालमा हुने गरेको साइबर आक्रमण अरु देशहरूमा हुने गरेको साइबर आक्रमण भन्दा भिन्न र कौतुहलता ल्याउने खालको छ । विदेशमा या त सरकार या त प्रतिष्ठित संस्थाहरूमाथि साइबर आक्रमण हुन्छ । यो राजनीतिक र शक्तिका विरुद्ध परिलक्षित हुन्छ ।

तर नेपालमा हुने साइबर आक्रमण भनेको सरकार र प्रतिष्ठित व्यक्ति वा संस्थाका साथै सामान्य जनस्तरमा समेत हुने गरेको छ । त्यो भनेको ठगीका लागि गरिने साइबर आक्रमण नै हो । नेपालमा ठगी गर्नका लागि साइबरमा ज्ञान त्यति नराख्ने तर सामान्य फेसबुक र इमेल तथा फोनहरू प्रयोग गर्न जान्नेहरूमा यो आक्रमण हुने गरेको पाइन्छ ।



नेपालीहरू प्रायः अलि केही सोझा र सादा प्रकृतिका छन् । यिनीहरू सजिलै विश्वास गरिहाल्छन् र फसिहाल्छन् । यो सोझो र अल्पज्ञानको फाइदा उठाएर ठगीका यी साइबर अक्रमणहरू हुन गरेका छन् ।

फोन या इमेलमा तपाईलाई चिट्ठा पर्‍यो, चिट्ठामा परेकोबहुमूल्य वस्तु पठाइँदै छ भनेर मेसेज वा खबर गरिन्छ । नेपालीहरू मख्ख पर्दछन् । ऋण खोजेर भए पनि हत्त न पत्त पैसाको जोहो गर्नतिर लाग्छन् । र, माग गरे अनुसारको पैसा र बसपठाउन पनि पछि पर्दैनन् । तर कसले, कसरी, किन र के कामका यसो गरेको हो भनी विचार पनि कमै गर्दछन् ।

नेपालीहरू अभावमा पनि बाँचेका छन् । उनीहरू पश्चिमा धेरै ज्ञानी, सेवाभावले भरिएका, दानी, गोरा छाला भएका, नेपाललाई करोडौं अनुदान सहयोग गर्ने आदि आदर्श सोंच पालेर बसेका हुन्छन् । अभाव, आदर्श, अज्ञानता र आवश्यकताको यो आर्थिक मनोवैज्ञानिक सोंचमा विदेशी ठगहरूले फाइदा उठाइरहेका छन् ।

# जापानमा जलवायु परिवर्तनको बढ्दो प्रभाव, ६ दर्जन मानिसको मृत्यु



काठमाडौं । अत्यधिक गर्मीका कारण जापानमा ६ दर्जनभन्दा बढी जापानीहरूको मृत्यु भइसकेको छ । २२ हजार भन्दा बढी गर्मीका करणले विरामीहरूलाई अस्पतालमा भर्ना गरिएको छ । मध्य र दक्षिणी जापानमा गर्मी नसोचेको तहसम्म बृद्धि भएको छ ।

त्यसो त जुलाई र अगस्तमा त्यहाँ अति नै गर्मी हुन्छ । विषम खालको हावापानीका कारण जाडोमा त्यहाँ निकै नै जाडो पनि हुन्छ । तर २०० वर्षको अन्तरालमा यो वर्ष बढेको तापक्रम सबैभन्दा उच्च मानिएको छ । गत मंगलवार त्यहाँको तापक्रम ४१.१ डिग्री सेन्टिग्रेड पुगेको थियो । जापानले सन् १९१८ देखि तापमानको तथ्याङ्क राख्दै आएको छ ।

यो लगायत कोरियाली प्रायद्वीपमा पनि तापक्रमको मापन बढिरहेको छ । उत्तरी तथा दक्षिणी कोरियामा पनि ४० डिग्री सेल्सियस तापक्रम पुगेको रेकर्ड अद्यावधिक गरिएको छ । जलवायु परिवर्तनको असरले गर्दा यो सबै हुन गएको जलवायु विज्ञ तथा वैज्ञानिकहरूको मत रहेको छ ।

अफ्रिकी देशहरूमा पनि तापक्रमको मात्रा बढ्दै गइरहेको छ । अमेरिकी देशहरूमा पनि तापक्रम घट्दो भने छैन । क्यानडा आफैमा हिमाली देश हो । यहाँ ३६ देखि ४३ डिग्रीसम्म तापक्रम रहन्छ । जर्मनीमा पनि तापक्रमका कारणले सडक पग्लने अवस्थाको सिर्जना हुँदै आएको छ । जर्मनीको ह्यानोभर विमानस्थल गर्मीमा पग्लने गरेको छ ।

प्रायः उत्तरी ध्रुवमा रहने देशहरूमा पङ्खा, कुलर र वातानुकूलनका सामग्रीहरू कम नै प्रयोग गरिन्छन् । भनिन्छ, सन् २००३ मा युरोपमा ७० हजार बूढाबूढी र केटाकेटीहरूको गर्मीका कारण ज्यान गएको थियो । जसलाई 'हिट स्ट्रोक' को संज्ञा दिइएको थियो ।

विशेषतः प्रशान्त महासागरमा बहने तातो पानीले आर्द्रताको मात्रा बढी बनाउने भएकाले पनि वातावरण आर्द्र भई तापमान बढाएको टिप्पणी पनि गरिन्छ । सवारी साधनहरू, आणविक भट्टीहरू, कलकारखानाहरू, खाना पकाउँदाका इन्धन खपत तथा वन डढेलो र फोहरबाट उत्सर्जित ग्याँस आदिले पृथ्वीको ग्रिनहाउसमा ठूलो असर पुर्‍याएका छन् ।

यी सबैको कारणले पृथ्वीको ओजन तह नस्ट हुँदै र पातलिँदै गएको छ । यसले पनि सूर्यबाट आउने अल्ट्राभायोलेट किरण सिधै पृथ्वीमा आउने वातावरण बनाएको छ । जसका कारण पृथ्वी तातिँदै गएको छ ।

## मजदुरपक्षीय...

मन्त्री विष्टलाई बुझाइएको ज्ञापन पत्रमा नेपाल सरकारद्धारा कायम गरिएको श्रमिकहरूको न्यूनतम तलव/ज्यालाप्रति असहमति र मजदुरबिरोधी हर्कतको बिरोध गर्दै छिमेकी मुलुकहरूमा समेत कायम रहेको तलबको अनुपात मिल्ने गरी न्यूनतम रु २५००० (पच्चीस हजार रूपैया) र दैनिक ज्यालादारी श्रमिकको दैनिक ज्याला रु १००० (एक हजार रूपैया) घोषणा गर्न तथा श्रमिकहरूका पेशागत र राजनीतिक मुद्दाहरूमा मजदुर पक्षीय ट्रेड युनियनहरूको प्रतिनिधिहरूसहितको वेतन बोर्ड गठन गरी अगाडि बढ्न आह्वान गरिएको छ । उनीहरूले अगाडि सारिएका ३५ बुँदे मागहरू पूरा नभएमा चरणवद्ध संघर्षमा जान बाध्य हुने चेतावानी दिएका छन् ।

संयुक्त ट्रेड युनियन संघर्ष समितिको तर्फबाट बुझाइएको ज्ञापन पत्रमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै सार्वजानिक गरेको मजदुरहरूको न्युनतम पारिश्रमिक रु १३४५०।- र दैनिक ज्याला ५१७।- रूपैया निर्धारण गरेकोप्रति हाम्रो गंभीर ध्यानाकर्षण भएको र सरकार, रोजगारदाता र कथित ट्रेड यूनियनका प्रतिनिधिसहित सहभागी रहेको भनिएको न्युनतम वेतन निर्धारण समितिले गरेको सो निर्णय र प्रकृयाप्रति गम्भीर असहमति र आपत्ति प्रकट गरिएको छ ।

ज्ञापन पत्रमा श्रमिक जनतामा समृद्धि र समाजवादको सपना बाँडेर बनेको सरकारले गठन गरेको सो समितिमा सरकार पक्षीय सिण्डीकेटधारी पूँजीपतीका काठपुतली दलाल ट्रेड युनियनहरूको मात्र प्रतिनिधित्व र प्रभावमा परी अन्य श्रमिक पक्षीय ट्रेड युनियनहरूको प्रतिनिधित्व नगराई गरिएको निर्णय श्रमिकविरोधी रहेको भन्दै भर्त्सना समेत गरिएको छ ।

ज्ञापन पत्रमा भनिएको छ, "सरकारले दलाल पुँजीजतिवर्ग र उनीहरूका कठ्पुतली ट्रेड युनियनको सहमतिमा प्रचलित बजारमूल्य, महंगी, श्रमिकको जीवनस्तर, अन्तर्राष्ट्रिय श्रम मापदण्ड, छिमेकी देशहरूको वेतनको अवस्था, नेपाल सरकारको सरकारी तथा निजामती कर्मचारीको तलवमानलाई समेत ख्याल नगरी उनीहरूकै दवावमा निर्णय गर्नु खेदपूर्ण छ ।"

ज्ञापन पत्रमा आफूलाई समाजवादी भन्ने सरकारले सरकारी निकायमा कार्यरत हजारौ अस्थायी, ज्यालादारी र काररमा कार्यरत श्रमिकहरूको रोजगारी खोस्ने अभियानलाई तिव्रता दिइरहेको भन्दै ठूला नामधारी विचौलीया ट्रेड युनियनले होटल, क्यासिनो र रेष्टुरेन्टमा लगाएको गैरकानूनी सिन्डिकेट मार्फत् श्रमिकमाथिको लेवीको नाममा शोषण भइरहेको र त्यसलाई बन्द गर्न समेत अपिल गरिएको छ । महँगी, कालोबजारी, तस्करी, कृतिम अभाव र विचौलीया प्रणालीको कारण श्रमिक जनता बाँच्न नसक्ने अवस्थामा पुगेको भन्दै राष्ट्रघात र गद्दारीले राष्ट्रियतामाथि ठूलै चुनौती थपिएको समेत उल्लेख गरिएको छ ।

ठूला नामधारी विचौलीया ट्रेड युनियनले होटल, क्यासिनो र रेष्टुरेन्टमा लगाएको गैरकानूनी सिन्डिकेटमार्फत् श्रमिकमाथिको शोषण बन्द गर्न, वातवरणीय प्रर्दूषणको नाममा अटोमेकानिक क्षेत्रका स्वरोजगार श्रमिकमाथि सिर्जना गरिएको दवाव बन्द गर्दै निर्वाध पेशा संचालन गर्न पाउने हकलाई सूनिश्चित गर्न र बिद्युतीय रिक्सा संचालन गरिरहेका श्रमिकमाथि भएको दमन बन्द गरी उनीहरूका मागहरू सम्बोधन गर्न तथा यातायात, सेक्यूरिटी, निर्माण, पर्यटन, कृषि लगाएतका सबै श्रमिकहरूका मागहरू सम्बोधन गर्न समेत ज्ञापन पत्रमा माग गरिएको छ ।

सरकार तथा रोजगारदात पक्षीय ट्रेड यूनियनहरूले मजदुरहरूको अधिकारको नाममा मजदुरहरूमाथि नै चरम शोषण र विभेद लाद्न थालेपछि मजदुरहरूमा बढ्दै गएको निराशालाई चिर्दै श्रमिक तथा मजदुर पक्षीय ट्रेड यूनियनहरूले आन्दोलनको तयारी गर्न थालेपछि उद्योग, कलकारखाना, होटल तथा व्यापारको क्षेत्रमा कार्यरत मजदुरहरू आशावादी र उत्साही बन्दै गएको दावी मजदुर नेताहरूले गरेका छन् ।

## बलात्कार...

थियो । शुक्रबार बजार समेत पूर्णरूपमा बन्द रहेको थियो ।

स्थानीय सरस्वती मावि कक्षा ९ मा अध्ययनरत निर्मला बिहीबार दिउँसो साथी रोशनी बमको घरबाट गृहकार्य गरेर पर्किने क्रममा सामूहिक बलात्कारको शिकार भएकी थिइन् । उनको शव शुक्रबार विहान निम्बुखेडा खोलापारि उखु बारीमा फेला परेको थियो ।

साथीको घर पढ्न बिहीबार ११ बजे गएकी निर्मला बेलुका ६ बजेसम्म घर नआएपछि परिवारले खोजतलास शुरु गरेको थियो । कतै नभेटेपछि राति ९ बजे भिनपा निम्बुखेडा स्थित प्रहरीबिटमा खबर गरेका थिए । प्रहरीबिटका इन्चार्जले शुक्रबार बिहान खोजतलास गरौला भनेर आलटाल गरेको स्थानीय विमला पन्तले बताइन् ।

शुक्रबार बिहान-८ बजे आफन्त र स्थानीयले खोजी गर्दा बालबालिको साइकल र कपि फेला परेपछि थप खोजी गर्दा उनको उखुबारीमा शव फेला परेको थियो । प्रारम्भिक अनुसन्धानबाट बालिकाको सामूहिक बलात्कार गरी हत्या गरिएको देखिन आएको प्रहरी निरीक्षक एकेन्द्र खड्काले बताए । हत्याको सत्य तथ्य पत्ता लगाउन अनुसन्धान चलिरहेको खड्काले बताए ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) कञ्चुनर, अनेमसंघ (क्रान्तिकारी), अखिल (क्रान्तिकारी) लगायत विभिन्न संघ, संगठन र संस्थाहरूले हत्याराहरूको खोजी गरी हदैसम्मको कडा कारबाहीको सजाय गर्न प्रशासन समक्ष माग गरेका छन् ।

## क्रान्तिकारी...

शुक्रबारै पशुपति आर्यघाटमा अन्त्येष्टि गरियो । थापाको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलीका लागि पार्टी महासचिव मोहन वैद्य किरण लगायत क्रान्तिकारी माओवादी नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो । थापाको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली गरिएको थियो । दिवगंत थापाको एक श्रीमति, दुई छोरा र दुई छोरी रहेका छन् ।

## निर्मलाका...

कडाभन्दा कडा कारबाहीको माग गर्दछौं । पीडित परिवारलाई उचित क्षतिपूर्तिको माग गर्दछौं ।"

उनीहरूले अगाडि लेखेका छन्, "देशमा दुई तिहाई बहुमतको सरकार बनेको छ तर नेपाली जनताले त्यसको कुनै महसुस गर्न सकेका छैनन् । सरकारले सामाजिक सुरक्षा दिन सकेको छैन । महिलामाथि हत्या हिंसाका घटनाहरू दिनानुदिन बढिरहेका छन् तर सरकार यस विषयमा गम्भीर बन्न सकेको छैन । हिंसामा संलग्न दोषीलाई कडा कारबाही गरी पुनः यस खालका घटना हुन नदिनका लागि ठोस कदम चाल्न सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।"

# यसरी गर्थ्यौं बरुवा नाकामा घाइते जनसेनाको स्याहार



पुष्पा क्षेत्री

हामी बरुवा नाकामा बस्ने गर्दथ्यौ । यो नाका भनेको नेपाल र भारतको सिमानामा पर्दछ । नेपाल-भारत सिमानाको दश गजाभन्दा अलि केही भित्र नेपाल तिरको भाग हो यो । साथै, यो दाङ जिल्लाको सीमा नाका पनि हो । यो कोइलाबासदेखि पश्चिममा पर्दछ । हामी त्यहाँ जाँदा दाङको पश्चिम देउखुरी राजपुरको मतेनी खोलाबाट जाने गर्दथ्यौं । त्यहाँबाट देउखुरीको दक्षिणतिरको चुरे पर्वत चढ्नु पर्दथ्यो । चुरे चढेर फेरि दक्षिणतिरको फेदीमा आह्लालो झर्नु पर्दथ्यो ।

बाटो जङ्गलको थियो । मतेनीखोला तर्दै माथि पुगेर फेरि अर्कोतिर पर्ने दक्षिणतिरको खोला पनि पूरै पार गर्नु पर्दथ्यो । खोला निकै डरलाग्दा थिए । पानी सानो बग्ने तर रह र दह भने निकै ठूलाठूला र नीला पनि । गोही बसेका होलान् जस्ता । तर तिनै खोला र रहहरू तरेर जानु पर्दथ्यो ।

हामी प्राणको माया मारेर हिँड्ने गर्दथ्यौ । खोलाका घारी र कयराहरू पार गर्नु पर्दथ्यो । नाग र अजिङ्गरहरू बस्ने ठाउँहरू थिए । जंगलमा भालुहरू बस्दथे । बाघहरूले बाटो छेक्दथे । हरिया घाँसे पाखाहरूमा भुइँ घास पन्छाउदै हिड्नु पर्दथ्यो । दाङबाट देउखुरीहुँदै मतेनी खोला पुगेपछि पुलिसबाट प्राण जोगिएको जस्तो अनुभूति हुन्थ्यो । तर प्राकृतिक भौगोलिक विकटता र जङ्गली जनावरको डर भने रहिरहन्थ्यो । त्यही पनि पुलिस र सेना भन्दा त जङ्गलका दुश्मन सहयोगी जस्ता हुँदा रहेछन् । आज ती सबै सम्झदा हिपहिप डर लाग्छ । तर त्यति बेला यी सबै दैनिक दिनचर्या नै थिए । सामान्य थिए र मुकाबिला गर्नै पर्ने कामहरू थिए ।

हामीहरू यसरी चुरे पहाडहुँदै झरेर साना तर डरलाग्दा रह भएका खोला भएर फोहरी नाका पुग्दथ्यौ । सम्म परेको जमिन, सुस्ताएर बगेको खोला । त्यसको वरिपरि बाक्लो जङ्गल । कहिले यता त कहिले उता गर्दै खोलैखोला सयौं पटक तरेर पुग्दथ्यौ फोहरी नाका ।

फोहरी नाकाको वरिपरि पातलो बस्ती भेटिन्थ्यो । बसोबास गरेका ती मानिसहरू प्रायः पहाडियाहरू नै थिए । र, हामी पनि पहाडिया भएकाले छिट्टै घुलमिल भइहाल्यौं । कतिपयसँग त साइनो सम्बन्ध नै पर्दथ्यो । सिमाक्षेत्रमा बस्ने भएकाले भारतीय बजारको प्रयोग गर्न पर्दथ्यो । भारतीयहरूको हेपाहा प्रवृत्ति भएकाले पनि सीमानाकामा बस्ने ती नेपालीहरूको हामीप्रति राम्रो र सजीव सम्बन्ध हुन्थ्यो । हेर्दा नेपाली मूलतः पहाडी मूलका भएका हुनाले भारतीयहरूले स्थानीय र हामी माओवादीहरूलाई झट्ट छुट्याउन सक्दैनथे । हामी पनि निडरका साथ बस्ने र काम गर्ने गर्दथ्यौं ।

भेषभूषा, बोलीचाली, रहनसहन, जीवनशैली, अनुहार र उत्पादन सम्बन्ध र जीविकाका गतिविधिहरू एउटै हुने भएकाले भारतीयहरूले आशंका गरिहाल्ने ठाउँ पनि थिएन । तर अलि केही पछि त माओवादीहरूको दिनदिनै बाक्लो आउजाउ हुन थाल्यो । नाकाका सीमित घर र गाउँमा चहलपहल पनि बढ्दै जान थालियो ।

भारतीय शासक वर्ग र सीमा सशस्त्र बल तथा भारतीय पुलिस अलि बढी नै सतर्क हुन थालेको आभाष हुन थाल्यो । नेपालमा माओवादीको प्रभाव र कार्यक्रम तथा आक्रमण दिन गुणा र रात चौगुणा भएर जान थाल्यो । भारतले पनि यसलाई चुनौतीका रूपमा लिन थाल्यो ।

नेपालमा तात्कालीन शाही सेनाको ब्यारेकहरूमाथि आक्रमण हुन थालेपछि भारतीय सीमा सुरक्षाबल नियमित जसो सीमा नाकाहरूमा गस्ती गर्न थाल्यो । अब सजिलैसँग भारतको हर्रैया बजार जान पनि नसकिने भयो ।

भारतले सीमा नाकामा नेपालीहरूमाथि पनि निगरानी राख्न थाल्यो । नेपालीलाई पनि रासन कार्ड बनाएर मात्र दाल, चामल र अन्य सामानहरू दिन थाल्यो । दैनिक उपभोगका सामानहरू पनि ल्याउन मुस्किल हुन थाल्यो । हामी र हाम्रो उपचार पोस्टको तल अलि ठूलो गाउँ थियो, नेपाली बस्ती । गाउँमा सबैले रासन कार्ड बनाएका थिए ।

प्रत्येकलाई महिनामा १० नम्बरी चामल, दाल तथा अन्य सामानहरू भारतीय हर्रैया बजारमा किन्न दिने गर्दथ्यो । त्यो पनि रासन कार्ड हेरेर मात्रै । गाउँलेहरू सबैले भारतीय रासन कार्ड अनुसार चामल, दाल र तरकारी ल्याउने गर्दथे । त्यसै रासनबाट हामीले गुजारा चलाउने गर्दथ्यौं ।

हामी रातदिन ड्युटी बसेर घाइते तथा बिरामी जनमुक्ति सेनाको स्याहारसुसार गर्दथ्यौं । हामी बसेको बरुवा नाकाको पोस्टमा प्रायः राप्ती र कर्णालीभित्र पर्ने रुकुम, सल्यान, जाजरकोट, कालीकोट र कहिलेकाहीं बाग्लुङका पनि विरामी र घाइतेहरू आउँथे । फौजी आक्रमणका बेला यी घाइते तथा बिरामी जनसेनाको चाप निकै बढेको हुन्थ्यो । बस्ने ठाउँ पनि कम हुन जान्थ्यो । हिउँद होस् या वर्षाद्को समय घाइते बिरामीहरूको सुरक्षा र हेरचाहको काम प्रमुख हुन्थ्यो हाम्रा लागि ।

त्यसैले जंगली जनावर तथा सर्प, बिच्छी र लामखुट्टेको टोकाइ आदिको प्रवाह नै हुँदैनथ्यो । हरेक दिन शुभ रहोस् भन्नेमा हामीहरू सतर्क रहन्थ्यौं । ड्युटीमा लापरवाही नहोस् भनेर ख्याल पुर्‍याइरहन्थ्यौं ।

केइलाबासको नाकामा रहेको बिरामी पोस्टमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले बेलबेलामा आक्रमण पनि गरिरहन्थे । त्यो नाकाको बस्तीमा सीआइडी, सुराकी र फटाहहरू पनि थिए । अर्को कुरा, त्यहाँ बाटोघाटो र यातायातको व्यवस्था भएका हुनाले पुलिसको पहुँच पनि अलि नै छिटो हुने गर्दथ्यो । त्यसैले त्यहाँको पोस्टमा बिरामी तथा घाइतेहरू कम राख्न थाल्यौं ।

हामी बसेको सँगैको नाका फोहरी नाका थियो । त्यो नाका अलि बढी आउजाउका लागि खुल्ला गरिएको थियो । पार्टीका नेताहरू, सेनाका डफ्फाहरू र कार्यकर्ताका ठूला समूह त्यो नाकाबाट पास गरिन्थ्यो । अहिले फर्केर हेर्दा त्यो भिन्न खालको क्षण र समय जस्तो लाग्छ । तर त्यतिबेला हामीहरूका लागि त्यो एक सामान्य जीवन जस्तै भएको थियो । घरमा बसेर घाँसदाउरा गरे झैं, खेतीपाती गरे झैं थियो । आतंकित हुने अवस्था थिएन । बरु काम गरेकोमा खुशी थियौं ।

बिरामीहरू कसैको हात, कसैको खुट्टा र कसैको नाककान नै थिएनन् । कसैको पेटबाट गोली छिरेको हुन्थ्यो । कसैको छाती छेंडेर गोली लागेको हुन्थ्यो । कसैको टाउकामा गोली हुन्थ्यो । र, गोली पनि नझिकिएको हुन्थ्यो । हामीले औषधी दिने मह्लमपट्टी गर्ने र खानाको बन्दोबस्त मिलाउने गदथ्यौं । परिवारका सदस्य झैं बस्दथ्यौ ।

कतिपय साथीहरूले पीडा हुँदा गीत गाउँथे । कालीकोट, जाजरकोटका साथीहरूले कर्णालीको लोकलय देउडा त लामै स्वरमा धेरै बेरसम्म गाइरहन्थे । घाइते, विरामी र अपाङ्गहरूको जीवन त भयो ! रुँदारुँदै हाँस्थे र हाँस्दाहाँस्दै रुन्थे पनि । सम्झाउँथ्यौ, फकाउँथ्यौं र मुक्तिका सपनाहरू एकआपसमा बाँड्थ्यौ । दुःखका दिन काटेपछि सुखका दिन आउँछ भन्थ्यौ । हाम्रा लागि घाइते जीवन, दुःख र पीडा नगद जस्तै थियो । मुक्तिको सपना उधारो जस्तै थियो । तर पनि मुक्तिको सपना नगद जस्तै लाग्दथ्यो । चहराइरहेका दुःखका जीवन बिर्सन खोज्दथ्यौं ।

कहिलेकाहीं नेपाली पुलिस, कहिलेकाहीं भारतका सीमा सुरक्षा बल हामीलाई लखेट्न र हत्या गर्न आउँथे । पोस्टहरू जलाइदिन्थे । रासनपानी लुटेर लगिदिन्थे । हामी पोस्टबाट पहिल्यै निस्किसकेका हुन्थ्यौं । ड्युटीमा बसेका साथीले सुचना गरेपछि हामी जोगिन सफल हुन्थ्यौं । घाइते बिरामीको सङ्ख्या धेरै भएका बेला निकै नै गाह्रो हुने गर्दथ्यो । मर्न दिन पनि भएन र छाडेर जान पनि भएन । कसैलाई हातमा, कसैलाई खुट्टामा बोकेर लतार्दै, पोस्टबाट माथि चुरेको डाँडामा पुर्‍याउने गर्दथ्यौं । घाइते विरामी साथी घुँडाले, कुहिनाले टेकेर पनि घिस्रिदैघिस्रिदै सुरक्षित स्थानमा पुग्दथ्यौं । कति दुःख र पीडा हुन्थ्यो । तर सबै साथीहरू बचेपछि घुँडा, कुहिना तथा घाउहरूबाट बगेको रगत पुछ्दै घना जंगलका बीचमा ठूलाठूला सालका रुखहरूमुनि बसेर एकअर्काका आँशुले भिजेका आँखाहरू पुछेर हाँस्दथ्यौं ।

एक दिनको कुरा हो, दिउँसोको दोप्रहर हुँदै थियो । भारतीय सीमा सुरक्षा बल आफ्नो ठूलो शक्ति लिएर हाम्रो पोस्ट तल रहेको ठूलो गाउँमा घेराबन्दी गर्दै पस्यो । हामीले ती गाउँलेबाट सूचना पाएर माथिको चूरेको डाँडामा उक्लनका लागि बाहिर निस्कियौं । ओछ्यानमा परेका हलचल गर्न पनि नसक्ने, अरुले नै उठाउने र सुताने गर्ने विरामी घाइते साथीहरू धेरै थिए । हामी हातखुट्टा सग्ला भएकाहरूले खाने दाना र पिउने पानी बोकेर हिंड्थ्यौं । बिचरा ती घाइतेहरू एकले अर्काको सहारा लिएर कमिलाको लश्कर झैं गरी लुरुलुरु हिंड्न थाले ।

अपाङ्ग साथीहरू घिस्रन थाले, उकालो बन्जर र अप्ठ्यारो जमीनमा । कोही छेपारो झैं घिस्रिएका छन्, कोही सर्प झैं त कोही गङ्गटा झैं । कतिपय ढिकमाथि चढ्न खोज्दा झन् तल ढिकमुनि खस्न पुग्छन् । आफ्नो भने हातहरू खाली छैनन्, डोर्‍याउँ भने पनि । मेरो मुटु भक्कानिएर आयो । हिक्का छाडेर रुन मन लाग्यो । के गर्नु सम्हाले आफैंलाई । अरुहरू माथिको डाँडाको थुम्कोमा पुगिसकेका थिए । मैले घाइते बिरामी र अपाङ्गको पछिपछि लागेर 'हिंड्नुस् भाइ, नडराउनुस् म छु' भन्दै बोलेर भरोसा दिंदै लगे । बिचरा ती सबै जङ्गलभित्र उकालोमा घिस्रदै माथिमाथि चढ्न थाले । माथि थुम्कोमा पुगेपछि ' दिदी' भनेर सबैले मलाई च्याप्प समाए । 'हाम्रो आमा भने पनि, अभिभावक भने पनि तपाई नै हो दिदी' भनेर रोए । मैले नरुन र सम्हालिन भनेर सम्झाए । त्यो सम्झदा आज पनि उनीहरूसँगै त्यही बरुवा नाकामा लखेटिएको अवस्थामा छु कि झैं लाग्छ । आज ती साथीहरू कहाँ छन् र के गर्दै होलान् । अब ती दिन केवल सम्झनामा कैद भए । एकजना भाइलाई त अझै पनि सम्झन्छु, ती थिए बाग्लुङका किरण नेपाली ।

स्थानीय जनताले निकै ठूलो सहयोग गरेका थिए । उनीहरूले हामीहरू त्यहाँ नभएको भनेर भारतीय सशस्त्र बललाई फिर्ता गराएका थिए । जनताले कहिल्यै पनि दुःख दिएनन्, बरु सधैं हामीलाई सहयोग नै गरिरहे । आज त्यो बाटो हिंड्ने नेताहरू, कार्यकर्ताहरू र कतिय जनसेनाका कमाण्डरहरू वर्तमान वाम र जनताको भनेर पुकारिने सरकारमा छन् । तर उनीहरूलाई आफ्ना जीवन बलिदान गरेर, शरीरका अङ्गहरू दिएर माथि पुर्‍याउने ती घाइते बिरामीहरू कहाँ छन् शायद थाह छैन होला । भेटघाट पनि छैन होला ।

ठीकै छ, सुखदुःख जे होला, हामी बाँचेकै छौं । तर ती घाइते अपाङ्ग र विरामीहरूको खोजी गर्नु अहिले सरकारमा बसेका नेताहरूको कर्तव्यभित्र पर्छ कि पर्दैन ? युद्ध आन्दोलन सबै सिध्याइसकेपछि यो त अब केवल मानवीय र नैतिक प्रश्न वा जिम्मेवारीका रूपमा मात्र रहन गयो होला शायद । हाम्रो गुनासो र थप भन्नु पनि केही छैन ।

मलाई अझैं पनि लाग्छ, बरुवा, फोहरी, खड्रा र कोइलाबास जस्ता नाकामा बसेर कठीन जीवन यापन गर्दै अहिले पनि सीमा रक्षा र त्यतिबेला सिंगो जनयुद्ध र नेता, कार्यकर्ता, घाइतेअपांग र जनसेना सबैको सेवा सुरक्षा र लालनपालन गरेका सिमानाका जनताको ऋण तिर्न मात्र भए पनि र भार कटाउन मात्र भए पनि एकदुईवटा विकासका योजना दिनेसम्म यी नेताहरूले सोचेका होलान् कि होओइनन् ? केही अत्तोपत्तो छैन त है !?

**हामी प्राणको माया मारेर हिँड्ने गर्दथ्यौ । खोलाका घारी र कयराहरू पार गर्नु पर्दथ्यो । नाग र अजिङ्गरहरू बस्ने ठाउँहरू थिए । जंगलमा भालुहरू बस्दथे । बाघहरूले बाटो छेक्दथे । हरिया घाँसे पाखाहरूमा भुइँ घास पन्छाउदै हिड्नु पर्दथ्यो । दाङबाट देउखुरीहुँदै मतेनी खोला पुगेपछि पुलिसबाट प्राण जोगिएको जस्तो अनुभूति हुन्थ्यो ।**



## कविता

### शून्य वातावरण

● कृष्ण भक्त महर्जन (कगेन्द्र)



*मिर्मिरे बिहानीको जहाजलाई*
*दिनहुँ रंगी चंगी पहिरन छ*
*झिसमिसेको शुन्य समय*
*वातावरण ब्याडलक रहेछ*
*रोड जहाज हो कि*
*समुन्द्री जहाज हो*
*ठम्याउन गाह्रो भयो*
*मिर्मिरे बिहानीको जहाजलाई ...*

*स्वरूप फेरियो, शैली उस्तै*
*के हेर्नु छ र के देख्नु छ*
*दिनैपिच्छे चेनका चेन छ*
*सेलीब्रेटी बन्नेको खरर बोली*
*जतिसुकै बाचा बाँध्न खोज्दैछ*
*उस्तै उस्तै कम्पनी रहेछ*
*मिर्मिरे बिहानीको जहाजलाई ...*

*चढे पनि के पाउँछ*
*नचढे पनि के पाउँछ*
*केको स्वाद अर्काको रे*
*केको अमाद सापटी रे*
*थोत्रो जहाज पनि उस्तै*
*नयाँ जहाज पनि उस्तै*
*जे भए पनि जहाज त जहाजै हो*
*राम्रो भए पनि के हुन्छ र ?*
*नराम्रो भए पनि के हुन्छ र ?*
*मिर्मिरे बिहानीको जहाजलाई ...*

### 'बादशाह'

● विष्णु नेम्वाङ



*एउटा कबिला बादशाह ब्युँझाउन-*
*मादल बज्यो*
*मुर्चुङ्गा बज्यो*
*धिमे बज्यो*
*डम्फु बज्यो*
*पुङी बज्यो*
*खैंजडी बज्यो*
*डक्करी बज्यो*
*कनैया बज्यो*

*यसरी नै सबैले*
*ढोल*
*नगरा*
*मुजुरा*
*टुङ्ना*
*बिनायो*
*सुट्नाथ*
*न्याउली*
*नरसिंहा*
*सारङ्गी*
*बाँसुरी*
*पुटुक*
*लगायत, स्वतन्त्रताको निम्ति सबै बजाए*

*र, मैले पनि*
*गगनभेदी च्यार्बुङ बजाउँदा-*
*ब्युँझन ता ब्युँझियो बादशाह*
*तर,*
*एउटा होइन*
*थुप्रै बादशाहहरू ब्युँझिए*
*र अहिले उनीहरू*
*ताजमहलमा चौरासी ब्यन्जन डिनर बजाएर*
*निदाउन थालेका छन् ।*

*हो ! एकपटक*
*आदिम यो भूमिमा*
*नुतन बादशाहहरू ब्युँझाउन*
*कर्कस धुन पुनः बजाउनै पर्ने भयो ?*

*किनकि,*
*बादशाहहरू ब्युँझाइरहने*
*-हामी नमासिन्या आवादी हौं ।*

## अधिनायकवादको...

प्रचलित लोकतन्त्र सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायका लागि वास्तविक लोकतन्त्र र पुँजीपतिसहित उत्पीडक वर्गका लागि अधिनायकवाद बन्दछ । यसैगरी अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक मुलुकहरूमा प्रचलित लोकतन्त्र दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका लागि लोकतन्त्र र सर्वहारासहित सबै खाले उत्पीडित वर्ग र जनसमुदायका लागि अधिनायकवाद हुने गर्दछ । वर्तमान नेपालमा प्रचलित लोकतन्त्रको असली सारतत्व पनि यही नै हो ।

ओली सरकार कम्युनिस्ट सरकार होइन । त्यसले दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका हक, हित र उनीहरूकै पुरानो राज्यसत्ताको संरक्षण गरिरहेको छ । यो पुरातन वर्गका लागि लोकतन्त्र हो । परन्तु, त्यसले मजदुर, सुकुम्बासी, किसानसहित उत्पीडित वर्ग र जनसमुदायको पक्षमा काम गरेको छैन । त्यसले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत वा जल्दाबल्दा समस्याहरूको समाधान गर्नेतर्फ पनि आवश्यक ध्यानदिन सकेको छैन । यो उत्पीडित वर्ग र जनसमुदायका लागि अधिनायकवाद हो ।

एउटा प्रश्न छ- पश्चगामी राज्यसत्ता वा संसदीय व्यवस्थाभित्र सजातीय वर्गमाथि अधिनायकवाद लागु गरिन्छ कि गरिदैन ? सामान्यतः यस प्रश्नको जबाफ गरिदैन र गरिन्छ दुवै ढंगले दिन सकिन्छ ।

संसदीय व्यवस्थाको सरकार सञ्चालन सम्बन्धी एउटा मूल मान्यता हो- बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष । जब कुनै पार्टी बहुमतमा हुन्छ त्यसले सरकार चलाउँछ, अल्पमतमा रहने पार्टीले प्रतिपक्षको भूमिका खेल्दछ । संसदीय व्यवस्थाअनुसार प्रतिपक्षको मूल धर्म अर्थात् मान्यता नै बहुमतीय सरकारको विरोध गर्नु हो । चुनावमार्फत् वा अन्य कुनै तरिकाले जब अल्पमत पक्ष बहुमत पक्षमा बदलिन्छ र सरकार चलाउन थाल्दछ र जब बहुमत पक्ष अल्पमतमा परेर सरकारबाट बाहिरिन्छ, त्यो बेला उनीहरूका बीचमा सरकारको टोपी साटासाट हुने गर्दछ र अल्पमत पक्षले बहुमतीय सरकारको विरोध गर्न थाल्दछ । यसै टोपी साटासाट र विरोध गराइलाई संसदीय व्यवस्थाको सौन्दर्यको रूपमा परिभाषित गरिन्छ । यहाँ एकले अर्कालाई अधिनायकवाद वा सर्वसत्तावादको आरोप लगाउनुको कुनै विशेष अर्थ र तुक रहन्न ।

परन्तु, उक्त प्रश्नको अर्को पाटो पनि छ । कैयौं देशहरूमा निरंकुश राजतन्त्र वा सैनिकतन्त्र शासन सत्तामा रहेको अवस्थामा आफ्नै वर्गबन्धुहरूमाथि पनि अधिनायकवाद लागु गरिएको देखिन्छ । त्यस प्रकारका देशहरूमा सजातीय वर्गबीचका आपसी अन्तर्विरोधहरू शत्रुतापूर्ण बनेका पनि पाइन्छन् । त्यत्ति मात्र होइन संसदीय व्यवस्थाभित्र पनि दुई पक्ष देखा पर्ने गर्दछन्- उदारवादी र अनुदारवादी । संसदीय व्यवस्थाभित्र सरकार र प्रतिपक्ष दुवैथरी आफ्ना वर्गबन्धुप्रति उदारवादी रहेको स्थितिमा अधिनायकवादको प्रश्न उठ्तैन । यसको उल्टो सरकारमा अनुदारवादी पक्ष रहेको स्थितिमा त्यो आफ्नै वर्गबन्धुहरूप्रति पनि असहिष्णु बन्दै जान्छ र त्यसको अन्तिम परिणति फासिवाद हुन पुग्दछ । त्यस स्थितिमा सरकार र प्रतिपक्षका बीचको अन्तर्विरोधले शत्रुतापूर्ण रूप लिन पुग्दछ । यसलाई संसदीय व्यवस्थाको कुरूपतार अन्तिम परिणति पनि भनिन्छ ।

जहाँसम्म विरोधीहरूले कम्युनिस्टहरूमाथि लगाउने अधिनायकवादको आरोपको प्रश्न हो, त्यसका दुई पक्ष छन् । पहिलो, जब कम्युनिस्ट पार्टीको नेतृत्वमा सामाजिक क्रान्ति सम्पन्न हुन्छ, त्यो बेला बन्ने राज्यसत्ताले उत्पीडक तथा शोषक वर्गमाथि अधिनायकवाद लागू गर्दछ र उत्पीडित वर्ग एवम् जनसमुदायका निम्ति जनवादको अभ्यास गर्दछ । यसो गर्नु अनिवार्य हुन्छ । ठीक यहाँनेर सत्ताच्यूत वर्ग कम्युनिस्टहरू अधिनायकवादी हुन्छन् भनेर चिच्याउने गर्दछ । तर, त्यसले कुन कुरामा ध्यान दिएको हुँदैन भने सत्तामा हुँदा आफूले पनि उत्पीडित वर्ग तथा जनसमुदायमाथि अधिनायकवाद लागु गरेको थियो । तसर्थ, अधिनायकवाद कुनै आरोप-प्रत्यारोपको विषय होइन, वस्तुतः यो वर्गीय राज्यसत्ताको अनिवार्य र अपरिहार्य नियम हो । दोस्रो, कम्युनिस्टहरू जनताको जनवादी वा सर्वहारावादी जुनसुकै राज्यसत्ताको अभ्यास गर्दा पनि वर्ग, वर्गसंघर्ष र राज्यसत्ताको विलोपीकरणको पक्षमा हुन्छन् । जब वर्ग, वर्गसंघर्ष र राज्यसत्ताको लोप हुन्छ त्यो वेला अधिनायकवाद पनि सदाका लागि समाप्त भएर जान्छ । परन्तु, ठीक यहींनेर ध्यानदिनु पर्ने अर्को कुरा के छ भने संसदीय शक्तिहरू यति रुढिवादी हुन्छन् कि उनीहरूका दृष्टिमा संसदीय लोकतन्त्र एक चिरञ्जीवी शासन प्रणाली हो, जसको कहिल्यै पनि अन्त्य हुँदैन । यसरी हेर्दा अन्ततः कम्युनिस्टहरू नै अधिनायकवाद विरोधी हुन्छन् । कम्युनिस्टहरूको अन्तिम उद्देश्य साम्यवादको स्थापना गर्नु हो । साम्यवादमा कुनै पनि प्रकारको अधिनायकवाद हुँदैन, किनभने त्यहाँ लोकतन्त्र पनि हुँदैन । त्यहाँ शासक र शासित, उत्पीडकर उत्पीडित कोही पनि हुँदैनन् । त्यहाँ केबल मानवतावाद हुन्छ । साम्यवाद वस्तुतः नयाँ मानवतावाद हो । साम्यवादमा मानवतावादले एक गुणात्मक उत्कर्ष प्राप्त गर्दछ। यही नै सच्चा क्रान्तिकारी कम्युनिस्टहरूको अभीष्ट हो ।

अहिले अधिनायकवादबारे जुन चर्चा चलेको छ त्यस सन्दर्भमा मूलतः दुई कुरामाथि ध्यानदिनु जरुरी छ । पहिलो, ओली सरकार मजदुर, सुकुम्बासी, किसासहित उत्पीडित वर्ग तथा जनसमुदायको पक्षमा छैन र त्यसले उनीहरूमाथि अधिनायकवादको अभ्यास गरिरहेको छ । साथै, त्यसले संसदका प्रतिपक्षी दलहरूप्रति पनि कैयौं अवस्थामा असहिष्णु बन्दै तथा अधिनायकवादी शैली प्रस्तुत गर्दै आएको छ । प्रधानमन्त्री ओलीमा दुई तिहाईको दम्भ प्रचुर मात्रामा रहिआएको पाइन्छ । दोस्रो, अन्य संसदवादी राजनीतिक दल तथा त्यसै व्यवस्थाका पक्षधर कतिपय बुद्धिजीवीहरूद्वारा कम्युनिस्ट हुनुको नाताले प्र.म. ओलीले अधिनायकवादको अभ्यास गरिरहेका छन् भनेर जुन तर्क दिइएको छ र आफूलाई जसरी विशुद्ध तथा खाँटी लोकतन्त्रवादीका रूपमा प्रस्तुत गरिएको छ त्यो पनि गलत हो । किनभने प्र.म. ओली पनि कम्युनिस्ट नभई संसदीय लोकतन्त्रकै पक्षधर हुन् ।

*(कान्तिपुरबाट)*

## जेलमा...

तर स्कुलिङ र अनुशासन निकै फितलो हँदै जाँदै गरेको पाइयो । जिम्मेवारी बोध कम भएको पाइयो । शासक हुँदै जाँदा जनताको पक्षमा गर्ने काममा चेतना र लगाबको निकै कमी पाइयो । हेर्दा ताप र राप पैदा भएको, तर त्यसको गुण नभएको पाइयो ।

अहिले इतिहासले पुस्टि गर्‍यो कि निकै ठूलो पार्टी भए पनि आखिर त सिद्धियो । यसले जनतामा अन्यौलता ल्याएको छ । तर व्यक्तिगत रूपमा मलाई त्यसले निराश, हतास र अन्यौल भने पारेको छैन । क्रान्ति उताचढाबको बीचबाट अघि बढ्छ ।

अहिले हामी क्रान्तिको रक्षा र विकासको प्रक्रियाबाट अघि बढिरहेका छौं । यही नै अबको विकल्प हो । अबको मुक्तिको बाटो पनि यही नै हो । पार्टी टुटफुट र विभाजनले कार्यकर्ता र जनतालाई भने केही बढी निराश नै बनाएको छ । तर हामीले क्रान्तिकारी आशावाद जागृत गर्नुपर्छ ।

***जलभित्र तपाईसँग साथै बसेका साथीहरू अहिले सरकार पनि छन् । जेलका बारेमा उनीहरूले केही सुधारात्मक कामहरू गर्ने सोचेका होलान् ?***

सँगै जेलमा बसेका साथीहरू सांसद र मन्त्रीहरू पनि छन् । तर उनीहरूले जेल सुधारका कामहरू केही पनि गरेका छैनन् । ती संसदीय फोहरी आहालमा आफै डुब्न पुगेका छन् । तिनले केको जेल सुधार गरुन् ? उनीहरू आफै सुध्रन नसकेर आफै सिद्धिएका छन् । आज पनि बन्दी कैदीहरू राणाकालीन पुराना थोत्रा घरहरूमा कोचिएर बसिरहेका छन् । काठमाडौं न हो, बेलाबेलामा भूकम्प गइरहेको छ । सन्त्रास छ जेलमा ।

भूकम्प पीडितका लागि र अरुहरूले पनि आफ्नै रकम र पैसाबाट पिलर उठाएर घरहरू बनाइरहेका छौं । तर जेल भने पुरानै अवस्थामा छ । कैदी तथा बन्दीहरू कोचिएर राखिएका छन् । भित्ताहरू चर्किएका छन् । ती घरले सामान्य अवस्थामा त थेग्न सक्ने स्थितिमा छैनन्, झन् भूकम्प गएको बेलामा के होला ? कहीं पनि जेलमा नयाँ र बलिया घरहरू बनाइएका छैनन् ।

***तपाई संघर्षमा, तपाईसँग सँगै जेलबसेका सरकारमा भएपछि तपाईलाई उनीहरूले दमन गर्न सक्ने भयो नि त होइन र ?***

हो, संघर्ष मात्र होइन, फेरि पनि 'ब्याटल'मा जानु पर्ने स्थिति आउन थालिसक्यो । हामी विचारले लागेका हौं । लहलहैमा लागेका होइनौ । भण्डारखाल पर्वदेखि २००७ साल, २०२७ हुँदै २०५२ र २०६२/०६३ बेहोरिसकेका छन् जनताले ।

हिजोको जनयुद्धको बेलामा निर्माण गरिएको नेतृत्वले धोखा दिएको छ । बेइमानी गरेको छ । उल्टै साम्राज्यवाद र विस्तारवादको गोठालो बनेको छ । त्यसका पछि अब जनता कदापि लाग्ने छैनन् । धोका नेता र नेतृत्वले दिएको हो, कार्यकर्ता र जनताले होइन । यो कुरा जनताले राम्रो गरी बुझेका छन् । हामी यिनै जनताका बीचमा गयौं भने जित टाढा छैन ।

अबको जनताको जागृत र विराट् आन्दोलनका अगाडि आफूलाई महापुरुष सम्झनेहरू पनि नरकटमा परिणत हुने छन् ।

## जातीय...

राजनीतिक अवस्थालाई एक जटिल मोडमा पुर्‍याएको छ । आत्मगत र वस्तुगत परिस्थितिका हिसाबले तत्कालको विगतलाई मात्र फर्किएर हेर्‍यौं भने पनि आत्मगत र बस्तुगत पस्थितिका हिसाबले पहिलो संविधानसभाको बेला पहिचानको विरुद्धमा त्यस्तो मत नै बनेको थिएन । जनयुद्धका उपलब्धिहरू सिध्याउँदै जाने क्रममा जब जनमुक्ति सेना भंग गर्ने कुरा उठ्यो, तब पहिचानविरोधी आवाज प्रबल हुँदै जान थाल्यो । त्यसपछि त पहिचान विरोधीहरू छाती खोलेर अघि आए । जनताको सेना र शक्ति हुँदासम्म जनविोधीहरू डराउँदा रहेछन् । आखिर सत्ता भनेको शक्ति नै रहेछ ।

यसका लागि पहिचानका पक्षधर शक्तिहरू आफै शक्तिशाली हुनु पर्दछ ।

***नेवाः र ताम्सालिङ क्षेत्रलाई वाग्मती वा नारायणी भनेर नामाकरण गर्न खोजिएको छ । तर कस्तो खालको नाम जुराए पहिचानको पनि सम्बोधन हुन सक्दथ्यो ?***

उतिबेला पहिचानका मुद्दा बोकेका पृथ्वीसुब्बा गुरुङ हालका प्रदेश प्रमुख छन् । पहिलो संधिानसभा कालमा पहिचानका पक्षधर पनि थिए । उनी त्यति बेला 'ककस'मा पनि थिए र पहिचानको मुद्दा छोडियो भनेर केही समय एमाले पनि छाडेका थिए । तर हाल उनकै नेतृत्वमा रहेको प्रदेशको नामाकरण पहिचानविरोधी बनाउन थालिएको कुरा आफैमा विडम्वनापूर्ण छ ।

देशमा ७ वटा प्रदेश बनाउँदा जातीय क्लस्टर क्षतविक्षत बनाउने काम भयो । यसका वावजुद पनि एउटै प्रदेशमा दुई वा दुई भन्दा बढी जातिहरू मिलाएर नामाकरण गरे पनि हुन्छ । त्यो नै मुख्य सामाधान त होइन, तर पनि थोरै समायोजन त हो । त्यो पनि प्रदेश नामाकरणको विकल्पमा राखिएको छैन । बहसकै कुरा गरौ, ३ न. प्रदेश जातिय बाहुल्यताका हिसाबले नेवाताम्सालिड. किन हुन नसक्ला र ? किन बागमती र नारायणी राख्नु पर्‍यो ? पहिचान बागमती र नारायणी नदीलाई चाहिएको त होइन । जनतालाई हो पहिचान चाहिएको ।

४ नं. प्रदेशको नाम गण्डकी राखे । गण्डकी नदीलाई होइन नि त पहिचान चाहिको । पहिचान चाहिएको त्यहाँका जनताका लागि हो । बहुलताका हिसाबले त्यहाँ गुरुङ र मगर नै छन् । तमुमगरात राखेकै भए नि हुने थियो । तर राखेनन् । पहिचान नदीनाला र भूगोलका लागि होइन । जनसमुदायका लागि हो । हामीले त छुट्टै ताम्सालिङ छुट्टै नेवा प्रदेश होस् भन्ने चाहन्छौं । त्यति हुन नसके पनि जनता र जनसमुदायको पहिचान नेवाताम्सालिङ नै हुन सक्छ । यो नामाकरण नै उचित हुने छ ।

***प्रदेशमा जनसमुदायको पहिचान ल्याउन के गर्नुपर्ला ?***

हामीहरू पहिचानविरोधी प्रदेश नामाकरणको विपक्षमा छौं । संघर्षका कार्यक्रमहरू पनि ल्याउने तयारीमा छौं । प्रदेशमा बसेका जनसमुदायमा सचेतनाका कार्यक्रमहरू ल्याउँछौं । संघीयता र पहिचानका कुराहरू गर्ने तर प्रदेशको नामाकरण जनताको पहिचानविरोधी बनाउने गरेपछि यसले पनि उत्पीडन निम्त्याएको छ भनेर बुझाउने छौं । हामी जनताका घरदैलोमा पुग्छौं ।

***अन्त्यमा केही कुरा राखिदिनुहुन्छ ?***

अहिले प्रतिक्रिया काल सुरु भएको छ । दुई तिहाई बहुमतको सरकार सत्तामा छ । र, वाम सरकार भन्ने पनि छ । तर यो आफैमा प्रतिक्रियावादीकरण हुँदै गएको छ ।

'समृद्ध नेपाल सुखी नेपाली'को नाममा फासीवाद लागु गरिदै छ । आफू र आफ्ना वरपरका व्यक्ति र समूहलाई फाइदा हुने गरी राज्यसत्तामार्फत् दोहन बढ्दै गइरहेको छ ।

डा. गोविन्द केसीका कुरा, यातायात सिण्डिकेटका कुरा, एनजीओ तथा आईएन्जीओ, शिक्षा स्वास्थ्य र विकास निर्माण आदि सबै कामबाट सरकार पछि हटेको छ । यसले सिमित समूहको स्वार्थलाई सर्वोपरि राखेको छ ।

यो सरकारबाट देश समृद्ध पनि बन्दैन । जनता सुखी पनि हुँदैनन् । भ्रम छरेर, जनतालाई ढाँटेर बेबकुफ बनाउने काम मात्र हुन थालेको छ । यसका विरुद्ध संघर्ष गर्नुको विकल्प छैन ।

दुर्वाच्य



रामचन्द्र हुमागाई

# टाउको लुकाउने ठाउँ पनि नरहला

'मान्छे शरीरले बन्ने होइन, बिचारले बन्ने हो । बिचार कस्तो हुनुपर्छ र बिचारलाई असल बनाउन मानिसलाई असल उर्वर भूमिको आवश्यकता पर्छ' । यो भनाइ खप्तड बाबाको हो । उर्वर भूमि, उत्तम हावापानी र उच्च हिमालयको काखमा रहेको नेपालमा बसोवास गर्ने नेपाली नागरिक साँच्चै उर्वरक शक्ति लिएर जन्मिएका हुन्छन् तर किन हो कुन्नी यो शक्तिलाई कार्यान्वयनमा भने ल्याउन सकिरहेका छैनन् । 'गर्छु' त सबैले भन्छन् तर सिंहदरवार प्रवेश गरेपछि सबैकुरा विर्सछन् ।

असल मानिसको पछि लागेर पनि आफू खराव हुँदो रहेछ । खप्तड बाबाका अनुयायी बिरेन्द्र थिए । खप्तड बाबालाई चिनाउने काम उनले गरे तर आफु भने गरिव देशको राजा भएर अमीरहरूको सौखिन स्वभावमा हुर्किएको कुरा बिस्तारै खुल्दै आएको छ । नेपाल जहाँको राजा बिरेन्द्र थिए, त्यहाँ सियो बन्ने कारखाना पनि स्थापना गर्न सकेका थिएनन् तर आफू बियर पिउन स्वीट्जरल्याण्डको जुरिच सहरमा समेत भौतारिएको भेट्नेहरू अहिले विस्तारै खुल्न थालेका छन् । त्यसैको हावा लागेर होला विरेन्द्रको बँशनाश पछि राजगर्नेहरू पनि सिंहदरवारको पर्खाल वाहिर आश्वासन दिन्छन् भित्र पसेपछि शासन गर्छन । शासन पनि कस्तो भने आफुलाई जनप्रतिनिधि भन्ने तर काम गर्ने आफ्नो र परिवारको । सँसद् र सरकारी कार्यालाई आफ्नै नीजिकार्यालय जस्तो ठान्ने, जनताका काम र कारवाहीमा वार्गेडिङ.गर्ने । यस्ता पनि हुन्छन् सरकारी कार्यालय ? गोरुको पुच्छर निमोठ्ता निमोठ्दै वा ठेकेदारी र तस्करी गर्दा गर्दै पार्टीका दातव्य बन्छन्, टिकट लिन्छन्, निर्वाचन जित्छन् र मन्त्री बन्छन् । कहाँ को सँग के बोल्नु पर्ने हो, कुनठाउँमा उभिएर कस्तो बोल्नुपर्ने हो केही थाहा हुँदैन, अर्काको लहैलहैमा लागेर प्याच्च बोल्यो देशको मात्रै बद्नाम ।

देश गरिव छैन । नियत गरिब हो । दैनिक पाँच अर्ब लिटर पानी बगेर भारत जान्छ, त्यो पानीको प्रतिलिटर एकपैसा मुआव्जा मात्रै माग्नसक्यो र लिन सक्यो भने देश कहाँ पुग्छ ? चरिकोटको खरिढुङ्गा देखि सिन्धुपाल्चोकको सुनकोशीसम्म नौसय करोड मेट्रक टन अब्रक र खरिढुङ्गा छ, जस्को मूल्य प्रति टन एककरोड पर्छ । त्यो खानीलाई उत्खनन गरेर विक्री गर्दा मात्रै नेपाललाई विश्वको बिकशित सूचीमा दर्ता गर्न सकिन्छ । एकजना नेपाल ज्ञाता चिनीयाँ प्राध्यापकले हालै लेखेका थिए, 'नेपाल सुनको तकियामा सुतेको छ तर परालको तकिया खोजिरहेको छ' ।

नवलपरासीको फलाम खानीमा ६० करोड मेट्रक ट्रन फलाम छ भन्ने कुरा प्रमाणित भएर नै खानी बिभागले उत्खनन गरेर परिक्षणका लागि चीन पठाएको छ, परिक्षणको रिपोर्ट आउन बाँकी छ । दैलेखमा ठाउँठाउँ जमिन मुनीबाट ग्यास लिक भएर कागो बलिरहेको छ, हामी त्यो आगो बल्नुलाई दैबी शक्ति भनेर अन्धविश्वासमा नक्कली सपना देखिरहेका छौं । त्यो ग्यास उत्खनन गरेर आत्मनिर्भर हुनुको साटो भारतको बजारमा भौतारिएर बेलबेला नाकबन्दीको मार खेरिरहेको छौं । के मुखलेमात्रै राष्ट्रवादको नारा लगाएर राष्ट्रवादी भइन्छ ?

गणेश हिमालमा जस्तापाताका लागि आवश्यक पर्ने कच्चापदार्थ करोडौं..छ भन्दै आजभन्दा २५ वर्ष अगाडि नै उद्योगपति मोहन गोपाल खेतान उत्खननका लागि लागिपरेका थिए । उनको देहावसानले त्यो खानीको पनि देहावसान नै भैसकेको छ । के कुनै एक व्यक्तिको मृयु हुदैमा मुलुको खानी नै बन्द गर्नुपर्ने हुन्छ ? यो कस्तो मुलुक निर्माण गर्दै छौं हामी ? यस्ता खानीहरूको असँख्य स्थानछन् नेपालमा । नेपालबाट अमेरिकाको अल्कोहामा विश्वविद्यालयमा गएर प्राध्यापन गरिरहेका तनहुँका पौडेल थरका प्राध्यापकले आठ 'ज'ले मात्रै नेपाललाई विश्वसामु चिनाउन सकिन्छ भन्ने अभियान लिएर शाक्ति स्थापना सँगै नेपाल आएका थिए तर यहाँका नामले ठूला कहलिएका नेताहरूले उनलाई वास्तै नगरेपछि निराश भएर फर्किए, अहिलेसम्म कुनै अत्तोपत्तो छैन ।

नेपालको विकास खोज्न अन्त कतै जानैपर्दैन, गोविन्द केसीहरूले पनि भोकहड्ताल गरेर जोरी हसाउनै पर्दैन । त्रिभुवन विश्वविद्यालयमा अहिलेसम्म विद्यार्थीले बुझाएका सोधपत्रहरू भित्र पस्ने हो भने सबै विकासका मोडलहरू त्यहाँभित्र पाइन्छन् तर के गर्नु त्यहाँभएका मानिसलाई यस्ता कुरामा चासो छैन, चासो भएका मानिस त्यहाँ पुग्नै पाउँदैनन् । पाए पनि ती सोध पत्र छुनै पाउँदैनन् ।

खप्तड बाबाको आदर्श पालना गरेको आहिर देखाउने भित्र रक्सी र रजज्वालामा रमाउने राजा विरेन्द्रले केही गर्ने कुरै भएन । नेपालीको नजरमा 'सज्जन' ट्याग लगाएर खानदान समेत मारिए । कोतपर्व र भण्डरखाल पर्वलाई पनि विर्साउने यो हत्याकाण्ड सन्साररमैं प्रख्यात रह्यो, यो आधुनिक युगमा पनि छानविनको दायरामा आएन । यो हत्याकाण्डका खेलाडि उनैका भाईले केही गर्ने कुरै भएन, आफूले आफैंलाई एकलव्यको उपाधि भिराउँदा भिराउँदै उनैको हातबाट शाहवँसको अन्त्य भयो । अरुको कुभलो चिताउनेहरूको आफ्नो भलो भएको कहाँ छ र ?

यसपछिको गणतन्त्र पनि नेपालीलाई फाप्ने छाँटकाँट देखिदैन । 'हुने बिरुवाको चिल्लो पात' भने झैं गणतन्त्रको बिरुवा दशवर्ष सम्म पनि फस्टाउन सकेको छैन । यसो अनुहार हेर्‍यो सबै कान चिरिएका योगी मात्रै देखिन्छन् । नेपाली काँग्रेसले त केही पनि गर्न सक्तैन, भन्ने कुरा सबैले महसूस गरिसकेकै थिए तर नेपाली कम्युनिस्टहरूले त केही गर्दान् ? भन्ने थियो तर अहिलेको खुट्टा लिरखिराहट् हेर्दा 'आशा गरौं तर भरनै परिनहालौं' भन्ने अवस्था आइसकेको छ । मन्त्री जसलाई जे मनलाग्यो त्यही बोल्दै हिड्दा उसले पुर्‍याएको नोक्सानी सम्याउम्दै एक महिना जान्छ । अर्को भोकहड्तालमा वस्छ, ऊ सँग सम्झौता गर्दागर्दै अको महिना जान्छ । अव त मानिस यस्ता भैसके भोकहड्ताल बस्यो भने आफ्नो र पविारको समश्या समाधान भैहाल्ने, त्यसमा पनि मानव अधिबारवादीहरू आएर सुन पानी छर्किदि हाल्ने, क्या मज्जा । राजनीतिमा पनि सान, भोकनीतिमा पनि सान । यता फलानाले माफियालाई 'निउरिमुन्टि न' पार्‍यो है भनेर कौवा जत्रा अक्षरले दैनिक पत्रिकाले पनि लेखिहाल्ने ।

जे हास् । यत्ती हुँदाहुँदै पनि डर भने लागेको छैन है । किनभने २०२८ सालमा झापामा टाउको काण्ड लागेका देखि १० वर्षे जनयुद्धको नाइके म नै हुँ भन्नेसम्म एकैठाउमा बसेका छन्, फुस्रो पातमा पनि तेल हालेर चिल्लो त बनाइहाल्ला नि ! अन्यथा टाउको लुकाउने ठाउँ पनि नरहन सक्छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, सिजगढ, रानपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९१
- ९८१७७११६९७
ईन्द्र कट्टेल - ९८१८४१५२१०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११६३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# असमान त्रिपक्षीय गोर्खा भर्ती सम्झौता र अविलम्ब खारेजीको प्रश्न



● पदमसुन्दर लिम्बु

**परिचय**

ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो) बेलायत र नेपालमा पूर्ण रूपमा दर्ता भई आम गोर्खा जनसमुदायको हक, हित र अधिकारका लागि खडा गरिएको सामाजिक संस्था हो । यो संगठनले चरणबद्ध आन्दोलनहरू गर्दै आएको छ । यतिबेला (बिगेसो) भूतपूर्व गोर्खा र गोर्खा सैनिक परिवारका हक, अधिकारका निम्ति बेलायतमा र नेपालमा कानुनी लडाइँ र अन्य मुलुकहरूमा समेत संघर्षका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । औचित्यहीन, असमान र विभेदकारी गोर्खा भर्ती सन्धिअनुरूप आज पनि गोर्खा भर्ती र गोर्खासँग सम्बन्धित अन्य गतिविधिहरू अघि बढाइरहेका छन् । यो गोर्खा जनसमुदायका निम्ति मन्दविषको रूपमा रहेको छ र नेपाल राष्ट्र र राष्ट्रिय स्वाधीनताका लागि झनै प्रत्युत्पादक र खतरा हुनेछ भन्ने सच्चाइलाई यस संगठनले गहिरोसँग आत्मसात गरेकोछ ।

गोर्खा आन्दोलनमा वैकल्पिक मात्रै होइन कि कानुनी मान्यता प्राप्त प्रमुख गोर्खा शक्तिको रूपमा यो संगठन उदाइरहेको कुरा यस संगठनले गोर्खाहरूका हकहितका विषयमा गरेका अनेकन कार्यक्रम र गतिविधिले सुस्पष्ट हुन्छ । २०२ वर्षको इतिहास गोर्खाहरूका निम्ति बलिदानीको इतिहासमा खुम्चिएको इतिहास हो, यो इतिहासलाई वीरता, बहादुरी र गौरवमय इतिहास त्यतिबेला मान्न सकिन्छ, जतिबेला गोर्खाले न्याय पाउने छन् । त्यो वीरता, बलिदानी, बहादुरी गौरवमय इतिहाससहित समानता र न्यायको खातिर डटिरहने, लडिरहने, राष्ट्र र राष्ट्रिय स्वाधीनताको चिन्तन मनन गर्ने, आम गोर्खा जनसमुदाय र अझ भनौ नेपाली ढुकढुकी लिएर बाँच्न चाहने र अन्तिम श्वाससम्म नेपाली भएर ज्यान उत्सर्ग गर्न चाहने नेपालीहरूको साझा संगठन हो, ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघ (बिगोसो) ।

**आन्दोलनको पृष्ठभूमि**

इतिहासमा नेपालीहरूले विश्व साम्राज्यवादविरुद्ध भयानक युद्ध लडेको कुरा विभिन्न लेख रचना, पुस्तक, पत्रपत्रिकाहरू, इतिहासका जुनसुकै ग्रन्थ र प्रत्यक्ष युद्धमा होमिएका योद्धा लगायतका अनेकन तथ्यहरूबाट थाह पाउन सकिन्छ । कुनै समय बेलायत/अंग्रेजविरुद्ध र प्रथम, द्वितीय विश्वयुद्धपछि धेरै मुलुकहरूमा गोर्खाहरूले बेलायतको तर्फबाट युद्ध लडेको तथ्य पाइन्छ । उक्त समयमा कतिको मृत्यु भयो, कति घाइते र अपाङ्ग भए, कति बेपत्ता भए, कति युद्धबन्दी भए, कति हराए, परिवारमा कति क्षति पुग्यो, यसको सत्यतथ्य र यकिन विवरण हालसम्म, कुनै पनि निकायबाट उपलब्ध हुन नसक्नु र क्षतिपूर्ति पाउन नसक्नु गोर्खाहरूका निम्ति विडम्बनाको कुरा हो ।

भारत र बेलायतको तत्कालीन साम्राज्यवादी सरकारले दुई पक्षीय सन्धि, ७ नोभेम्बर सन् १९४७ मा भारतीय ९उबथ(अयमभ० र गोर्खा सैनिक भागबण्डासम्बन्धी सम्झौता गर्नु र ९ नोभेम्बर सन् १९४७ मा नेपाल-भारत र बेलायत सरकारबीच अर्को त्रिपक्षीय सन्धि गरी, उक्त ७ नोभेम्बर सन् १९४७ को बेलायत र भारतबीच भएको दुई पक्षीय सन्धिलाई गोर्खा भर्तीसम्बन्धी त्रिपक्षीय सन्धिको अभिन्न अंग मानिने कुरा र तत्कालीन नेपालका जहानियाँ राणा शासकका प्रतिनिधि पद्म शमशेरले ७ नोभेम्बर सन् १९४७ मा दुई देशले गरेको सम्झौताको प्रतिवाद गर्नुको साटो, प्रतिष्ठा विपरीत र भाडाका सिपाहीको रूपमा प्रयोग नगरे ठीकै छ भन्ने खालको निरीह प्रतिक्रिया र सहमति दिएको देखिन्छ ।

गोर्खाहरूले के पाएभन्दा पनि के के गुमाए यो छलफल, समीक्षा र संश्लेषणको विषय बनेको छ । नेपाली युवाहरूलाई बेलायत, भारत र सिंगापुर पुलिसमा भर्ती गरे सँगसँगै विभेद र असमानताका श्रृंखलाहरू सुरु हुन थाल्दछन् । १०२ वर्षको ब्रिटिश गोर्खाहरूको इतिहासमा औपचारिक आन्दोलनले २५ वर्ष पार गरिसकेको छ । ब्रिटिश गोर्खाहरूको आन्दोलनको इतिहासमा, विभेद र असमानता विरुद्धको औपचारिक आन्दोलनले थुप्रै आरोहअवरोह पार गरिसकेको तथ्य फेला पार्न सकिन्छ । आन्दोलनलाई अगाडि बढाउने सिलसिलामा नेपाल र बेलायतमा कैयौं आन्दोलन भए ती आन्दोलन सडकदेखि सदनसम्म पनि पुगे । तर आन्दोलनले पूर्णता पाउन सकेन । आंशिक उपलब्धिको नाममा आवसीय भिसा र सन् १९९७ लाई सीमारेखा बनाई गोर्खा-गोर्खामा विभेदको विजारोपण गर्दै कतिपय तथाकथित गोर्खा संगठनले आन्दोलनलाई बिसर्जन गर्ने काम गरेका छन् । देशको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनतामाथि हस्तक्षेप गर्दै, २१ औं शताब्दीमा पनि कुनै न कुनै रूपमा गोर्खाहरूलाई दास बनाउनु र भाडाका सिपाहीको रूपमा प्रयोग गर्दै तेस्रो दर्जाको नागरिकको व्यवहार गर्नु, तलब, पेन्सन, सेवा-सुविधामा विभेद गर्नु, खासखास युद्धको समाप्तिपछि सेवाबाट बीचमै निकाली रित्तो हात घर फर्काउनु, नेपालले आफ्ना अवकाश प्राप्त ब्रिटिश गोर्खालाई बेलायतमा बसोबास गरेको भन्दै नागरिकताबाट बञ्चित गरी राज्यविहीनताको स्थिति सृजना गरिनु र नेपाली ढुकढुी लिएर बाँच्न र नेपाली भएर मर्न पाउने अधिकारबाट बञ्छित गरिनु वा गैरआवासीय नागरिकको कोटीमा राखिनु, अनुशासनको हौवादिँदै हवाइकाण्ड, ब्रुनाइकाण्ड जस्ता घटना घटाई गोर्खालाई रित्तो हात नेपाल फर्काइनु, गोर्खाहरूको जतिसुकै क्षमता भए पनि मेजर भन्दा माथिको पदमा जान नदिनु, वीर गोर्खाली भनेर दिएका भीसी तक्मा जालसाज र झुक्याउनमा पारी बेलायत फर्काइनु, आतंकवादको हौवा दिँदै नेपालका असल छिमेकीहरूका विरुद्ध युद्धको अग्रभागमा गोर्खालाई प्रयोग गरिनु जस्तै : इराक, मलेसिया, कार्गिल, फकल्याण्ड, अफगानिस्तानजस्ता धेरै मुलुकहरूमा लगायत अन्य विविध नाममा असमानता र विभेद गरिने कुराले सच्चा नेपाली मन मुटुमा गहिरो चोट पर्नु र आक्रोशित हुने कुरा स्वाभाविक हो । त्यसैले बेलायत र नेपालमा थुप्रै आन्दोलनका श्रृंखलाहरू पार भए, तर गोर्खाले न्याय पाउने स्थिति बनेन । बरु औचित्यहीन, असमान र विभेदकारी गोर्खा भर्ती सन्धि आज पनि अघि बढिरहेको छ । पछिल्लो समय बिटिश गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो)ले चरणबद्ध आन्दोलनहरू गर्दै आइरहेको छ ।

**हाल चलिरहेको आन्दोलन**

९ नोभेम्बर १९४७ मा भएको गोर्खा भर्तीसम्बन्धी त्रिपक्षीय सम्झौता नै सबै कुराको बाधक हो भन्ने कुरालाई मध्यनजर गर्दै र संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय कानुन, विभिन्न सन्धि र महासन्धि, सम्झौताहरू, नेपालको संविधानअनुसार र गोर्खा भर्तीसम्बन्धी सन् १९५३ मा नेपाल र बेलायत सरकारबीच भएको नेपालमा भर्तीकेन्द्र खोल्ने सम्झौताको सन् १९६८ देखि नवीकरणसमेत भएको तथ्य फेला नपरेको हुँदा, मृत, औचित्यहीन, असमान र विभेदपूर्ण सन्धिको पालना गरिराख्नु उचित नभएको, परिस्थितिमा मौलिक परिवर्तन आएको, एउटा पक्ष बेलायतले सन्धिको ठाडो उल्लंघन र अर्को पक्ष भारतले घुमाउरो पारामा उक्त सन्धिको उल्लंघन गरेको र यो विषय सार्वजनिक सरोकारको विषय भएको भन्दै उक्त सन्धि खारेजको माग गर्दै बिगेसोका सभापतिको नेतृत्वमा २०७४ साल जेठ २६६ गगते रिट निवेदन दर्ता भएको छ ।

सर्वोच्च अदालतले विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार, परराष्ट्र मन्त्रालयका नाममा उक्त असमान र विभेदकारी सन् १९४७ को सन्धि र सन्धिले सिर्जना गरेको विभेद र असमानताको विषयमा लिखित जवाफ पेश गर्न अग्राधिकारसहित कारण देखाऊ आदेश जारी गरेको छ । ती दुवै निकायले आफ्नै किसिमको लिखित जवाफ पठाइसकेको स्थिति विद्यमान छ । मुद्दाको अन्तिम टुंगो नलागेसम्म बिगेसोले गतिविधिलाई निरन्तरता दिँदै गोर्खाको जित सुनिश्चित गर्नेछ । गोर्खा र गोर्खा परिवारको जन्म र मृत्युदर्ता नेपाल राष्ट्रको कानुन उल्लंघन गरी ९द्यन्ल० पोखरा र ९द्यन्ल० काठमाडौंले दर्ता गर्ने परिपाटीलाई रोकी नेपाल सरकारको निर्णय बाध्यकारी बनाउन पहल गरियो र कार्यान्वयनमा आइसकेको छ । यसका अलावा नेपाल सरकारका विभिन्न मन्त्रालय र सरकारका विभिन्न निकायमा ज्ञापनपत्र पेश गर्नेदेखि, नेपालस्थित संयुक्त राष्ट्रसंघको कार्यालयमा समेत ज्ञापनपत्र पेश गर्ने कार्य सम्पन्न भइसकेको छ र एक चरणका गोष्ठी, छलफल, सेमिनार, भेलाहरू सम्पन्न भई विभिन्न समयमा विज्ञप्ति सार्वजनिक गर्ने लगायतका कार्यहरू सम्पन्न भइसकेका छन् । आशा र विश्वास गरौं गोर्खाले न्याय पाउने छ ।

**भावी आन्दोलनका कार्यक्रमहरू**

विगतमा गेसो, सत्याग्रहजस्ता गोर्खा संगठनहरूले आन्दोलन गरे तापनि ती आन्दोलन केवल विभेद र असमानताविरुद्ध सामान्य हाँगा छाँस्ने काम मात्रै भएका थिए भने अहिले (बिगोसो)ले ती असमानता र विभेदको जरा नै रहन नदिने प्रयत्न गरिरहेको हुँदा, यो आन्दोलन कसरी अघि बढ्न सक्छ । यो आम बौद्धिक जगत, शिक्षक, विद्यार्थी, कानुनविद् मानवअधिकारवादी, न्यायकर्मी, पत्रकार, इतिहासविद्, परराष्ट्रविद्, रक्षाविद्, कूटनीतिज्ञलगायत आम नेपाली र अन्तर िष्ट्रिय जगत्को चासो चिन्ता र अध्ययनको विषय बन्न आवश्यक छ ।

यतिबेला परराष्ट्र नीति पुनरावलोकका लागि एउटा विज्ञ सम्मिलिति कार्यदल बनाइएको छ भन्ने कुरा मिडियामार्फत् बाहिर आइरहेको छ र यस कार्यदलले सुझाव पेश गर्दैछ भन्ने कुरा छ र कार्यदलमा गोर्खा भर्तीसम्बन्धी विषय उठेको छ भन्ने छ, यो कुन अवस्थामा छ र विषयवस्तुको उठान कसरी भइराखेको छ ? भन्ने कुरा औपचारिक रूपमा सार्वजनिक भएको छैन, खास के भइराखेको छ र असमान र विभेदकारी गोर्खा भर्ती सन्धि के हुन्छ ? भन्ने कुरा आम जनताको चासो र चिन्ताको विषय भएको हुँदा यसको ९तइच० के हो भन्ने कुरा बाहिर आउन जरुरी छ । यो नेपाल राष्ट्र र राष्ट्रिय स्वाधीनताको पक्षमा चिन्ता र चासो लिने आम जनताको विषयलाई बाहिर ल्याउन गोर्खा आन्दोलनको अगुवाइ गरिराखेको संगठन बिगोसोको कर्तव्य भएको नाताले गोर्खा भर्तीसम्बन्धी जेजति विषय उठाउनु पर्ने हो, ती विषय उठेका छन् कि छैनन् भन्ने कुरालाई मध्यनजर गर्दै, सन् १९४७ को गोर्खाभर्ती सन्धि असमान विभेदकारी भएकाले नयाँ शीराबाट नयाँ ढंगको सहमति गर्दै विद्यमान सन् १९४७ को त्रिपक्षीय गोर्खा भर्ती सम्झौता लाई अविलम्ब खारेजीको प्रक्रियामा लान हरतरहले अगुवाई गर्दछौं ।

*(लेखक बिगेसोका सभापति हुन्)*

## प्रदेश...

स्वशासित इलाका, इकाई (कम्युन) समेतको अवधारणालाई लिएका छौं । यसभित्र सबै जाति, समुदाय, वर्गको अधिकारको सुनिश्चितताको लागि माथिका प्रदेशहरू प्राप्त गर्न संघर्षका लागि हामी दृढ तथा संकल्पित छौं ।

'ताम्बासालिङ, 'तामाङसालिङ' जे नामले बोले पनि सारमा 'ताम्सालिङ' संक्षिप्त नाम हो । 'ताम्सालिङ' कुनै साहित्यिक सर्जकले सृजना गरेका काल्पनिक नाम होइन । नेपाल खाल्डोको वरिपरि विशेष गरी हिमाल, मध्यपहाडी भूभागमा युगौदेखि भाषिक, सांस्कृतिक, मौलिक आर्थिक क्रियाकलाप, सामुदायिक भावनात्मक मनोविज्ञान, रक्त सम्बन्धमा आधारित वैवाहिक सम्बन्ध र थुप्रै सामाजिक नीतिनियममा बाँधेर बसेका स्वतन्त्र स्वभावका तामाङ जाति विशेषका भूभागको नाम नै 'ताम्सालिङ' हो । विशेष गरी रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, चितवनको उत्तरी हाडी क्षेत्र साथै काठमाडौं, भक्तपुर र ललितपुरको सबै पहाडी क्षेत्र वा इलाकाका भूभागहरू ' ताम्सालिङ' का क्षेत्र हुन् ।

मुख्यगरी पूर्वमा दूधकोशीदेखि पश्चिममा बुढीगण्डकीसम्म, दक्षिणमा महाभारत पर्वत क्षेत्रदेखि उत्तरमा तिब्बतको सिमानासम्म 'ताम्सालिङ' का भूभाग हुन् । उल्लेखित भूभागहरूमा इतिहासका विभिन्न कालखण्डमा भएको राजनीतिक घटनाबाट तामाङ जातिको इतिहासलाई मेटाउन खोजे पनि अद्यावधि तामाङको पूर्खाहरूले शासन प्रशासन चलाएका दरबारका अवशेषहरू पाउनु प्रमाणित विषय हुन् । निरन्तर राजनीतिक, आर्थिक, सामाजिक उत्पीडन व्यहोरे पनि आफ्ना मौलिक विशेषताहरू जीवित राखेर स्वशासित ' ताम्सालिङ' प्रदेशको कुरा उठाउनु उचित र न्यायपूर्ण छ ।

'ताम्सालिङ'को आवाज तामाङले मात्र नभएर गैरतामाङ, बुद्धिजीवी र राजनीतिक पार्टीहरूले समेत उठाएको पाउँछौं, हामी तामाङहरूको लागि यो गौरवको विषय हो । 'ताम्सालिङ' तामाङ जातिको आत्मसम्मान पाउने प्रदेशको जातीय नाम भए पनि यो भूमि यस क्षेत्रमा बसोबास गर्ने अन्य जाति समुदायको समेत साझा भूमि हो । यस भूमिभित्र सबै जाति, समुदाय, वर्गले राजनीतिक, प्रशासनिक क्षेत्रमा समावेशी सहभागितामूलक र पूर्ण समानुपातिक हक अधिकार प्रयोग गर्न पाउने छन् । त्यसैले तामाङ जातिको इतिहास र भूगोललाई गर्दै गैरतामाङ जातिले 'ताम्सालिङ'को भूमिलाई स्वीकार्नु सक्नु पर्दछ । तामाङहरूले अबको 'ताम्सालिङ' को आन्दोलनलाई गैरतामाङसहितको साझा आन्दोलनको रूपमा विकास गर्न जरुरी छ ।

'नेपालको संविधान, २०७२' अनुसार तोकिएको ७ प्रदेशको नामाकरण अहिले प्रदेशसभाको बहुमत वा दुईतिहाई बहुमतले गरिरहेका छन् । गत मंसिरमा सम्पन्न प्रदेश र संघको निर्वाचन सम्पन्न भई त्यसैअनुसार तत्कालीन वाम गठबन्धन, अहिले नेकपा (एमाले) र त्यसमा तत्कालीन माओवादी केन्द्र विलय भएर बनेको नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)को करिब दुईतिहाइको सरकार चलिरहेको अवस्था छ । गुरुङ र मगरको ऐतिहासिक थातथलो 'तमुवान र मगरात' लाई दिएको प्रदेश नं. ४ को नामाकरण कथित दुईतिहाई बहुमतको नाममा जनभावना र चाहना विपरीत 'गण्डकी प्रदेश' नामाकरण गरिएको छ, यसको हामी घोर विरोध गर्दछौं । अब छिट्टै ' ताम्सालिङ' र नेवाःको ऐतिहासिक भूगोललाई दिएको ३ नं. प्रदेशको नामाकरण पनि प्रदेशसभाको बैठकले गर्न गइरहेका छन् । के ३ नं. प्रदेशको नाम तामाङ र नेवारको पहिचानमा आधारित नाम राखिने छ ? सवाल उठेको छ । अहिले ३ नं. प्रदेशमा तत्कालीन नेकपा (एमाले)को बहुमत प्रदेश सदस्यहरू निर्वाचित भएका छन्' मा तत्कालीन माओवादी केन्द्र विलय भएपछि नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)को दुईहतिहाई प्रदेश सदस्य पुगेका छन् । तत्कालीन नेकपा (एमाले) जातीय पहिचातसहितको संघीयताप्रति उदासिन पार्टी भएको र तत्कालीन माओवादी केन्द्रका नेतृत्व पक्षसमेत एमालेसँग लम्पसार भएको हुँदा ३ नं. प्रदेशको नामाकरण तामाङ र नेवारको पहिचानमा आधारित नामाकरण हुने सम्भावना देखिंदैन । यस अवस्थामा पहिचानवादी हामी तामाङ, नेवारलगायत सम्पूर्ण न्यायप्रेमी जनसमुदायहरू संघर्षमा उत्रिनुबाहेक विकल्प छैन ।

अन्तमाः अहिले पनि संघीय लोकतान्त्रिक गणतन्त्रको नाम र आवरणमा सामन्तवर्ग दलाल नोकरशाही पुँजीपति वर्ग र हिजोका अभिजातीय सम्भ्रान्त वर्गको हातमा नै राज्य व्यवस्था निहित रहेको कुरा प्रष्ट छ । संघीयता, लोकतन्त्र र धर्मनिरपेक्षता देखाउन दाँत मात्र भएका छन्, राज्यका हरेक सेवा सुविधाहरूमा यिनीहरूकै हालीमुहाली चलिरहेका छन् । नेपालको जनसंख्यामा तेस्रो स्थान कूल जनसंख्याको ५.८१ प्रतिशत हिस्सा लिएको तामाङ समुदायको राज्यको हरेक क्षेत्रमा ०.१ प्रतिशत पनि सहभागिता छैन ।

अझै तामाङ आर्थिक, गरिबी, अभावका ठूला खाडलमा अगाडि रहेको अवस्था छ । हामी मात्र होइन, अन्य आदिवासी जनजाति समुदाय, अल्पसंख्यक जाति वर्गका जनता पनि मुठ्ठीभरका सम्भ्रान्त वर्गका लुटहरूलाई टुलुटुलु हेर्ने अवस्थामा पुगेका छन् । विद्यमान संसदीय व्यवस्थाले सबै क्षेत्रको जनताको समस्याको दीर्घकालीन हल गर्न सक्दैन भन्ने हाम्रो ठहर हो ।

अबको संघर्षको बाटो भनेकै वैकल्पिक नयाँ राज्य व्यवस्थाको लागि हुनु पर्दछ, त्यो भनेको जनवादी गणतन्त्र हो । विचार संगठन र संघर्षको माध्यमबाट मात्रै हामी तामाङहरूले मुक्ति पाउने छौं । तामाङहरूले आफ्नो जातीय मुक्तिसंघर्षलाई वर्गसंघर्षका भेलसँग एकाकार गर्न सक्नु पर्दछ । जातीय मुक्ति संघर्ष र वर्गीय मुक्ति संघर्ष एउटा सिक्काको दुई पाटा हुन् । नेपालको सन्दर्भ सन्दर्भमा जातीय मुक्ति संघर्षलाई वर्गसंघर्षका विशिष्ट रूप मान्न सकेनौं भने नेपालको वर्ग संघर्षले पूर्णता पाउने अवस्था देखिंदैन । त्यसैले हामी तामाङहरूको ' ताम्सालिङ' प्राप्तिको संघर्षलाई गैरजातीय समुदाय र वर्गका संघर्षसहितको संयुक्त संघर्षको उठानको लागिसमेत पहल गर्नुपर्ने आजको आवश्यकता हो ।

*(लेखक अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय संयोजक हुन् ।)*

## सरकारी...

२. जन्म, मृत्यु, विवाह, बसाइ सराई आदि. रु. १००।- बाट रु. ५००।-

३. नामथर संशोधन रु. १००।- बाट रु. ५००।-

४. पेन्सन कार्ड सिफारिस रु. ५००।- बाट रु. २०००।-

५. हकवाला, संरक्षण, सूचना पत्र रु. १००।- बाट ५००।-

६. गैसस, क्लव, वाचनालय दर्ता रु. ५०५ ।- बाट रु. ३०००।-

७. गैसस ठूला (अ.) रु. १०००।- बाट रु. १०,०००।-

८. लगतकट्टा रु. १५५।- बाट रु. ५०० ।-

९. कच्ची घर, विद्युत, खानेपानी जडान रु. २१० बाट रु. १०००।-

१०. विद्यालय दर्ता अनुमति रु. २५००।- बाट रु. १०,०००।-

११. विद्यालय वार्षिक कर रु. १०००।- बाट रु. १०,०००।-

१२. विद्यालय गाम्नेदेखि ठाउँसारी रु. १०,०००।-

१३. भेटनरी उपचारमा रु. १००।- बाट रु. ५००।-

१४. जग्गाको चार किल्ला सिफारिस, प्रमाणित पत्र रु. ५००।- बाट रु. २५००।-

१५. छुट जग्गा सिफारिस पत्र रु. २०००।- बाट रु. १०,०००।-

१६. घरबाटो सिफारिस पत्र रु. २०००।- बाट रु. ४०००।-

१७. सम्पति मूल्याङ्कनको अंग्रेजी पत्र रु. ७०००।-

१८. घर नक्सा पास दस्तुर प्रति वर्ग फिट रु. १२।- बाट रु. २४।-

१९. नक्सा प्रतिलिपी सेट रु. ५०५ ।- बाट रु. १०००।-

२०. सम्पत्ति कर बार्षिक (१ करोड मुनी) ०.४ र (१ करोड माथि) ०.६ प्रतिशतका दरले ।

२१. मालपोत भूमिका रु. ५००।- देखि रु.१०००।- बाट रु. ५००।- देखि १५००।-

२२. व्यवसाय करमा रु. १०० देखि १०००।- प्रतिशत वृद्धि

२३. पार्किङ शुल्क १०० देखि १५० सम्म वृद्धि

२४. पूर्वाधार विकास शुल्कका नाममा सम्पत्रि करमा थप अतिरिक्त प्रति वर्ष रु. १०,०००।-

२५. सम्बन्ध विच्छेद सिफारिस रु. ५००।- बाट रु. २०००।-

२६. नाला ढल शुल्कप्रति महिना रु. १०० देखि रु. ५००।- सम्म

२७. विकास निर्माण सहभागिता शुल्क वडास्तरीय उपभोक्ता संस्थालाई (सहभागिताका नाममा) १५ देखि ३० प्रतिशत ( स्रोतः नपा कार्यालय)









**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।